# अध्याय एक

## परिचय

### १.१ पृष्ठभूमि

नेपालमा अनौपचारिक रुपमा शिक्षाको बिकास जहाँनिया राणा शासनकालमै भइसकेको थियोयद्यपि उक्त शिक्षा प्रणालीमा सर्बसाधारण नेपाली जनताका छोराछोरीहरुको पहुँच थिएन् । जंगबहादुर बेलायत भ्रमणमा जाँदा आफूलाई भाषा नजानेर बेबकुफ भएको ठानेपछि नेपालमा फर्केको लगत्तै "अरु सबै कुरा छोड, छोराछोरीलाई अंग्रेजी शिक्षा पढाऊ" भन्दै आफ्ना भाइभारदारहरुका लागि बि.स.१९१० बाट औपचारिक शिक्षाको सुरुवात गराएका थिए । यसरी बि.स.१९३२ सम्म आइपुग्दा दरबार हाइस्कुलमा सर्बसाधारणका लागि खुला भए पनि बि.स.१९९० को एस.एल.सी. बोर्ड कलकत्तामा परीक्षा दिन मात्र २ वटा बिद्यालयका बिद्यार्थीहरु सहभागी भएका थिए । बि.स.२०१६ सालमा त्रिभुवन बिश्व बिद्यालय स्थापना भएपछि पनि नेपालमा मौलिक रुपमा शिक्षाको बिकास हुन सकेन् । पञ्चायती व्यवस्था सुरु भएपछि नयाँ शिक्षा योजना, २०२८ ले सार्बजनिक शिक्षाको नाममा पञ्चायती भजन गाउने शिक्षा लागु गऱ्यो । यसमाबि.स.२०३२ सालमा ३ कक्षासम्म निःशुल्क शिक्षाको ब्यवस्था गरियो । नेपालमा बि.स.२०३६ सालदेखि उच्च शिक्षा लागु, बि.स.२०४३ सालमा महेन्द्र संस्कृत बिश्वबिद्यालयको स्थापना, बि.स.२०४५ सालमा सिटीइभिटीको स्थापना र बि.स.२०४६ सालदेखि उच्च शिक्षा परिषदको स्थापनासंगै उच्च शिक्षामा सर्बसाधारण जनताको पनि पहुँच स्थापित हुँदै गइरहेको छ ।(गिरी, २०७४)

शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गराउनुका साथै मुलुकको निर्मित अपरिहार्य, उत्पादनशिल, अनुसाशित देशभक्त चरित्रवान् र दक्ष नागरीक उत्पादनमा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । शिक्षा सामाजिक परिवर्तनको वाहकका साथै समाजमा मान्यताहरुको संरक्षण सुधारको वाहक पनि हो । शिक्षा नै यस्तो सशक्त माध्यम हो जसबाट सभ्य सकमज प्रति उत्तरदायि व्यक्तिहरु तयार गर्नुका साथै त्यस समाजको विकास तथा सुधारमा ठुलो टेवा मिल्छ । समाजको गतिसँग सँगै घुलमिल हुन शिक्षाको आवश्यकता पर्दछ ।(के.त.वि.,२०५४)

समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका माथिका दृष्टिकोणहरु मध्ये लैंगिक दृष्टिकोणका अनुसार महिला र पुरुष समान रुपले धर्तिमा जन्म लिएका छन् । यसले

समाजमा महिला तथा पुरुषलाई समान व्यवहार गरीनु पर्दछ भन्ने मान्यतालाई जोड दिन्छ । यसरी समाजले महिला र पुरुषलाई दिइने भुमिका भने फरक फरक रहेको पाइन्छ । यसैगरी वर्तमान समयमा देखिएको लैंगिक असमानताले महिलाका लागि प्रत्येक्ष प्रभाव पारेको छ । यसरी महिला उदारवकदको प्रमुख उद्धेश्य लैंगिक विभेदको अन्त्यका साथै लैंगिक समानता ल्याउनु हो । (लुइटेल, २००८)

नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा जम्मा १२५ जातजातीहरु रहेकोमा ५९ प्रकारका आदिबासी जनजाती समूहहरु पनि यस अन्तर्गत पर्दछन् जस मध्ये बिशेष गरी तराई क्षेत्रमा बसोबास गर्दै आएको थारु जाती पनि शैक्षिक बिकासबाट बञ्चित एक समुदाय हो । आदिबासी जनजाती उत्थानराष्ट्रिय प्रतिष्ठान, २०५८ का अनुसार थारु जातीलाई सिमान्तकृत अन्तर्गत सुचिकृत गरी बर्गीकरण गरिएको छ । आदिबासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान, २०५८ का अनुसार आदिबासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाती वा समुदायलाई सम्झनु पर्दछ । जनजातियता भनेको जनजाती समुहको सांस्कृतिक तथा सामुहिक चेतना हो । (श्रेष्ठ, ११३३)

जनजाती एकै किसिमका छैनन् । उनीहरुको सामाजिक, सांस्कृतिक पृष्ठभूमि एकै किसिमको छैन् । आर्यन, मंगोलियन, ककेसस, द्रबिड लगात बिभिन्न जातजाती तथा जनजातीहरुमा बिबिधता रहेको पाइन्छ । फरक फरक उत्पत्ति, फरक फरक सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रणालीका कारण जनजातीय समुहमा बिबिधता पाइन्छ । (गुरुङ, २०००)

यहाँका बिभिन्न क्षेत्र मध्ये हिमाली क्षेत्रमा शेर्पा, गुरुङ आदि जातीको बसोबास रहेको छ । साथै मध्य पहाडी क्षेत्रमा तामाङ, चेपाङ, मगर, ब्राह्मण, क्षेत्री, नेवार आदि जातजातीहरुको बसोबास रहेको छ भने तराई क्षेत्रमा यादब, राजबंशी, थारु आदि जातजातीको बसोबास रहने गरेको छ । जसमध्ये तराई क्षेत्रमा बसोबास गर्ने नेपालको प्रमुख आदिबासी जाती मध्ये थारु जाती एक हो । यो जातीको बसोबास पूर्ब मेचीदेखि पश्चिम महाकालीसम्मको तराई भित्रीमधेश तथा छिमेकी भारतको उत्तर प्रदेशको सिमाना क्षेत्रमा रहेको छ । त्यसैले थारुहरु आफूलाई यहाँका भूमिपुत्र भन्न रुचाउँछन् । (आचार्य र अन्य, २०६५)

मुल रुपमा कैलाली, कञ्चनपूर, बाँके, बर्दिया, दाङदेउखुरी, कपिलबस्तु, रुपन्देही, चितवन र नवलपरासी लगायतका जिल्लाहरुमा थारुहरुको बसोबास रहेको पाइन्छ । नेपालका मुलबासी थारु जातीहरु नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका तराई तथा भित्रीमधेशका समथल फाँटहरुमा प्राचीनकालदेखि नै बस्दै आएका छन् । थारु जातीको प्रमुख बिशेषता सोझोपन र इमान्दारिता हो । उनीहरु जालझेल गर्न जान्दैनन्, मेहेनती हुन्छन् र आफ्नै बाहुबलमा बिश्वास गर्दछन्, त्यसैको फलस्वरुप नेपालको तराई तथा भित्रीमधेशका हरिया फाँटहरुमा प्राचीनकालदेखि अन्न उत्पादन गरेर देशको आर्थिक मेरुदण्डमा महत्वपूर्ण योगदान पुऱ्याउदैं आएका छन् । (दहित, २०६२)

तराईको सापेक्षिक पृथकीकरणका कारण पहिले औलोको खानीको रुपमा रहेको भूमि १९ औं र २० औं शताब्दीको शुरुमा पुर्बाग्रही अवलोकनकर्ताहरुले थारुका बारेमा यस्ता गलत चित्र तयार पारे जस अनुसार उनीहरुले थारु (एउटा काल्पनिक जात) लाई प्राचीन जंगलमा बस्ने असभ्य बासिन्दाहरुको रुपमा ब्याख्या गरे । बास्तवमा तराई त्यस्तो जंगली क्षेत्र थिएन् त्यहाँ कम्तीमा दुई हजार बर्ष अबधिका कैयौं राज्यहरु स्थापित भएर पतन भए पनि कृषि क्षेत्र बिस्थापित भएका बेला जंगल क्षेत्र बढ्ने गर्दथ्यो । बौद्ध पीठहरुको खोजीमा पाचौं र सातौं शताब्दीमा नेपाल आएका चिनिया तीर्थयात्रीहरुको यात्रा स्मरणले तराईको अस्थिर भू-दृष्यबारे गहन बिचार प्रस्तुत गर्दछ । (क्राउस्कोफ, २०५८)

थारु उत्पत्तिको सम्बन्धमामाझी (२०६८) ले आफ्नो पुस्तक‘माझी जातीको चिनारी’मा उल्लेख गरे अनुसार माझी जातीका बुढापाकाको धार्मिक प्रचलित कथा अनुसार प्राचीन समयमा एउटा गरीब परिवारका तीन सन्तान थिए । भाँडाकुँडा प्रयाप्त नभएकोले जेठोलाई थालमा, माइलोलाई कचौरामा र कान्छोलाई दुनो वा टपरीमा खाना खान दिन्थे । यसैगरी बढ्दै जाने क्रममा थाल पाउन एक आपसमा झगडा गर्न थाले । झगडा मिलाउन आमा, बुबाले तीन छोरालाई तीन दिशातिर लगाएछन्, त्यसपछि थर बिभाजन भएछः थालमा खानेलाई थारु, कचौरामा खानेलाई माझी र दुनोमा खानेलाई दनुवार भनिएछ । यसरी भाँडाका आधारमा थर वा जात नामाकरण गरिएको भन्ने धार्मिक बिश्वासबाट पनि थारु, माझी र दनुवार एकै परिवारका सन्तान हुन् भन्ने कुरा पुष्टि हुन्छ ।

थारुहरु राजपुतनामा मुसलमानको आक्रमण भए पछि नेपालमा आएका हुन्। शत्रुहरुको हातमा पर्नुभन्दा बरु भाग्नु निको मानी यिनीहरु आ-आफ्ना नोकरका साथ भागी नेपालमा पसेका थिए।बिष्ट (१९७६)

थारु जाती नेपालका चौथो दर्जाका नागरिक हुन् । बि.स.२०५८ को सरकारी जनगणना अनुसार नेपाल अधिराज्यभरि थारु जातीको जनसंख्या १५३३८७९ रहेको देखिन्छ तर थारु कल्याणकारी सभा लगायत कैयन संस्थाले दाबी गरेका छन् कि यो भन्दा निकै बढी करीब ३७ लाखको हाराहारीमा उनीहरुको जनसंख्या रहेको छ । २०६८ सालको जनगणना अनुसार थारु जातीको जनसंख्या १७३७४७० रहेको देखिन्छ । कैलालिमा थारुहरुको जम्मा जनसंख्या ३१८८३७ रहेको छ जसमा पुरुषको संख्या १५८४०० र महिलाको संख्या १६०४३७ छन् । यसैयरी टीकापुर नगरपालिकामा जम्मा घरधुरी संख्या ११६३० रहेकोमा त्यहाँको जनसंख्या ५६१२७ मध्ये पुरुषको जनसंख्या २६८९३ र महिलाको संख्या २९२३४ को हाराहारीमा रहेका उनीहरुको जनसंख्या रहेको छ । इतिहासको कालखण्डमा हेर्ने हो भने थरुहट तराईको धर्ती पुत्र थारु जाती नै हुन् । थारु जातीको आफ्नो छुट्टै पहिचान रीतिरिवाज, खानपिन, भेषभुषा र पहिरन रहेका छन् जुन यो राष्ट्रको राष्ट्रियत हो । (जनगणना, २०११)

नेपालको दक्षिणी भेग अर्थात् तराई भु-भागमा बसोबास गर्ने थारु समुदायको आफ्नै बिशिष्ट खालको ऐतिहासिक सामाजिक, सांस्कृतिक तथा परम्परागत मुल्य, मान्यता र ब्यवहारले धनी भए तापनि अहिलेको एक्काइसौं शताब्दीमा आएर पनि यो समुदाय र बिशेष गरी यस समुदायका महिलाहरु शैक्षिक दृष्टिकोणले निकै पछाडि परेका र बिपन्न अवस्थामा छन् । थारु समुदायका महिलाहरुको शिक्षामा सहभागिता नहुनुका केही बिशिष्ट कारणहरु छन् भन्ने मान्यता यो शोध पत्रमा रहेको छ । नेपालमा शिक्षाको शुरुवात प्राचीन समय देखि नै भएको पाइए तापनि (जुनबेला गुरुकुलमा धार्मिक शिक्षा दिने गरिन्थ्यो । (श्रेष्ठ, २०७१)

नेपालमा महिलाहरुको लागि औपचारिक शिक्षाको शुरुवात सन् १९२३ वा बि.स.१९८० मा कन्या पाठशालाबाट भएको देखिन्छ । अन्य समुदायका मानिसहरु कृषि क्षेत्रमा आश्रित भए पनि शिक्षा क्षेत्रमा केही न केही रुपमा सहभागिता जनाएकै हुन्छन् तर थारु समुदायका महिलाहरु पछाडी पर्नुको कारण के थियो? जबकि नेपालमा राणा

शासनकालको अन्त्यसंगै शिक्षामा सर्बसाधारणको सहभागिताको वातावरण बन्दै आएको र थारुहरुलाई निःशुल्क शिक्षाको ब्यवस्था गरिदा पनि उनीहरु शिक्षाको पहुँचबाट बञ्चित हुनुपर्ने कारण के थियो?

यसरी नेपालमा शैक्षिक बिकासक्रमको लहर चलेसँगै अन्य समुदायका महिलाहरुको शिक्षामा पहुँचको स्थितिमा उल्लेख्य परिबर्तन आएको देखिएको भए तापनि थारु समाजका महिलाहरुलाई शैक्षिक क्षेत्रमा अझसम्म पनि किन समेट्न सकिएन् ? उनीहरुको शिक्षामा पहुँच बढ्न नसक्नुका पछाडी कुन कारण जिम्मेवार छ? के राज्यले नै उनीहरुका लागि शिक्षा प्राप्तिको उचित बाताबरण सृजना गर्न नसकेर वा उनीहरुको आफ्नै धार्मिक, सांस्कृतिक र परम्परागत मुल्य, मान्यता र सोच एंब प्रबृतिका कारण उनीहरु शिक्षाको पहुँचबाट टाढा रहन पुगेका हुन्? लगायतका प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न यस अध्ययनमा गरिने छ । यस अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा थारुहरुको बाहुल्यता रहेको कैलाली जिल्लाको टिकापूर नगरपालिका, वडा नं. ९ को राजीपूर गाउँलाई छनौट गरिने छ ।

## १.२ हसमस्याको कथन

थारु महिलाहरुको घरको कामका साथै जमिन्दारको घरको काम गर्नुर्ने भएको र विहे पछाडि अर्काको घरमा जाने हुदाँ छोरीको शिक्षामा खर्च गर्दैनन् । काम गरेर तुरुन्तै आम्दानि हुने र शिक्षाबाट तुरुन्तै लाभ प्राप्त गर्न नसकिने हुदाँ र छोरीले घरको काम सम्हाल्नु पर्ने हुदाँ थारु महिलाहरु विद्यालय जानबाट वञ्चित रहेका छन् । (खनाल, १९९८)

नेपालका मध्य तथा सुदुरपश्चिमाञ्चल विकास क्षेत्रका विशेषतः थारु समुदायमा व्याप्त गरीवि आदिका कारण बाट परिवारको पालनपोषण गर्न र अन्य खर्च टार्नका लागि रकमको अभाव भएपछि जमिन्दारबाट ऋण लिनु पर्ने वाध्यता थियो । यसरी जमिन्दार सँग लिएको ऋण तिर्न नसकेसम्म सोहि जमिन्दारकै घरमा वर्षौ सम्म काम गर्नु पर्न अथवा नयाँ मालिकले उसको पुरानो ऋण तिरी दिएर आपनो घरमा कमैया वस्न लाने गर्दथे यसरी थारुहरु विशेषतः थारु महिलाहरु शैक्षिक स्तर, आर्थिक स्तर, राजनैतिक स्तर, सामाजिक स्तर आदि क्षेत्रबाट पछि परेका छन् । (भूषाल, २०७०/७१)

नेपालमा थारु जाती पूर्ब झापादेखि पश्चिमको कञ्चनपूरसम्मका तराई र भित्रीमधेशका बिभिन्न स्थानहरुमा बसोबास गर्दै आएका जाती हुन् । यो जातीको मुख्य पेशा

खेती ब्यवसाय हो र यिनीहरु पढ्नमा पटक्कै रुची राख्दैनन् । यस सम्बन्धमा(थारु, २०६२) थारुहरुको बहुचर्चित कहावत पढ वा लिख बा कने काम, खेती कर वा धाने धान  अर्थात् पढेर लेखेर कुनै काम छैन् त्यो भन्दा त खेती नै गर्नुपर्दछ भन्ने मान्यता यो जातीको रहेको छ । यस्तो रुढीबादी परम्परालले गर्दा समाजमा शिक्षाप्रति नकारात्मक बुझाई रहदैं आएको छ । हाल थारु समुदायमा उक्त समुदायका प्रायः पुरुष बालबालिकाहरुलाई बिद्यालय पठाउने गरिएको भए तापनि महिलाईलाई भने शिक्षा प्राप्तिको अवसरबाट प्रायः बञ्चित नै गरिएको देखिन्छ । यस समुदायका महिलाहरु दैनिक घरायसी कामकाज, चुलोचौको, घाँसदाउरा र बालबालिकाको सरसफाई, पालनपोषण, रेखदेख तथा बस्तुभाउको स्याहार सुरक्षा मै ब्यस्त देखिन्छन् ।

नेपालमा अनौपचारिक, औपचारिक र धार्मिक संघसंस्थाहरुबाट शिक्षा दिने चलन धेरै समय अघिदेखि भए पनि मुलुकमा अझै पनि करीब आधा जनसंख्या निरक्षर छन् । २०६८ सालको राष्ट्रिय जनगणना अनुसार ६५.९ प्रतिशत साक्षर छन् भने ३४.१ प्रतिशत जनसंख्या अझै पनि निरक्षर छन् । करीब ८ देखि ९ प्रतिशत प्राथमिक तह उमेर समुहका बालबालिका बिद्यालय शिक्षाको अवसरबाट बञ्चित छन् । कक्षा र तह बढ्दै जाँदा क्रमशः बिद्यार्थी संख्या घट्दै गइरहेको अवस्था छ । भौगौलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक समस्या आदिका कारणले बिद्यालय नआउने संख्या बढिरहेको छ । यसरी शिक्षा जस्तो मौलिक अधिकार र जीबनका आधारभूत आवश्यकताका रुपमा रहेको शिक्षामा सबै बर्ग, सम्प्रदाय, क्षेत्र, जातजाती, लिंग आदिको समान सहभागिता हुनु जरुरी छ । (पौडेल, २०५१)

तसर्थ थारु समुदायका महिलाहरुको शैक्षिक अवस्थाका सन्दर्भमा चौधरी (२०३८) का अनुसार थारु जातीका महिलाहरुको शिक्षा माथिको पहुँचलाई उक्त जातीका पुरुषहरुले आफ्नो मान-सम्मानमा ठेस पुर्‍याउने बिषय र पापको रुपमा पनि लिने गर्दछन् । यदि त्यसो हो भने थारु महिलाहरु शिक्षाको उज्यालो घामबाट बञ्चित हुनुमा के केबल उनीहरुको पुरातनबादी, परम्परागत वा रुढिबादी कथन, भनाई र बिश्वासहरु नै जिम्मेवार थिए त? वा यसका पछाडि अन्य कुनै कारणहरु छन् ? आजको एक्काइसौं शताब्दीमा पनि थारु समुदायका महिलाहरुलाई शिक्षाको पहुँचमा आउनबाट यी र यस्तै परम्परागत धारणा र बिश्वासहरुले भूमिका खेलेको छ वा उक्त बिश्वासमा परिबर्तन आई थारु महिलाहरुको

बर्तमान शैक्षिक अवस्थामा परिबर्तन आएको छ ? बिगतका दिनदेखि थारु समुदायका महिलाहरु पुरुषहरुको तुलनामा शिक्षा र चेतनाको दृष्टिकोणबाट निकै बिपन्न र पछाडी पर्दै आएकोमा शैक्षिक बिकासको बढ्दो बिकास र आधुनिकीकरणसंगै उनीहरुको शैक्षिक अवस्थामा कस्तो परिबर्तन आएको छ भन्ने मुल बिषयलाई ध्यानमा राख्दै यस शोधपत्रको समस्याको कथनका रुपमा निम्न प्रश्नहरुलाई उठान गरिएको छ :

- बर्तमान समयमा थारु जातीका महिलाहरुको शैक्षिक अवस्थामा के कस्तो परिबर्तन आएको छ ?
- शिक्षा आर्जन गर्ने सवालमा समाजले छोरी र बुहारीलाई समान अवसर दिन्छन् कि दिदैनन् ?
- थारु महिलाहरु पुरुष सरह शैक्षिक गतिविधिमा संलग्न छन् कि छैनन् ?
- थारु महिलाहरुको शिक्षा प्राप्तीमा प्रभाव पार्ने तत्वहरु के के हुन् ?
- थारु महिलाहरुको शैक्षिक अवस्थामा सुधार ल्याउन के कस्ता उपायहरु अवलम्बन गर्नु आवश्यक छ ?

यी र यस्तै समस्याहरुको उठान गर्दै थारु महिलाहरुको शैक्षिक अवस्थाका सम्बन्धमा अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा थारु समुदायको बाहुल्यता रहेको कैलाली जिल्लाको टिकापूर नगरपालिका वडा नं. ९, राजिपूर गाउँलाई लिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन, अनुसन्धानको उद्देश्य के भन्ने बिषयको स्पष्ट ज्ञान हुनु अत्यन्त जरुरी हुन्छ ।यस अध्ययनको उद्देश्य कैलाली जिल्लाको टीकापूर न.पा. ९ राजिपूर गाउँमा आदिमकालदेखि बस्दै आएका थारु समुदायका महिलाहरुको शैक्षिक अवस्था पत्ता लगाउने रहेको छ । तथापि यस अध्ययनको मुख्य उद्देश्यहरुलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ :

- थारु महिलाहरुको बर्तमान शैक्षिक अवस्थाको अध्ययन गर्ने ।
- थारु महिलाहरुको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरुको अध्ययन गर्ने ।
- थारु महिलाहरुको शैक्षिक उपलब्धीका साथै समस्याहरु अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

थारु समुदाय नेपालको अति नै बिपन्न र पछाडि परेको समुदाय हो । बिकासको मुल प्रवाहमा ल्याउन राज्यले नै ऐतिहासिक रुपमै उनीहरुलाई उपेक्षा र बिभेद गरेको देखिन्छ जुन बिषयलाई बर्तमान समयमा थारु लगायत अन्य यस्तै समुदायले उठाइरहेका समस्या र मुद्दाहरुले पनि पुष्टि गर्दछ । थारु समुदाय जस्तो बिभेद र शोषणमा परेको सिमान्तकृत समुदायका थुप्रै समस्याहरु भए तापनि शैक्षिक अवस्थामा देखिएको समस्या पनि एउटा मुल र महत्वपूर्ण समस्या हो । त्यसमा पनि थारु समुदायका महिलाहरुको शैक्षिक अवस्था हेर्ने हो भने निकै नाजुक र दर्दनाक देखिन्छ । पछिल्लो समयमा थारु समुदायका पुरुषहरुको शैक्षिक क्षेत्रमा ब्यापक सहभागिता र पहुँच बढ्दै गएको सन्दर्भमा उक्त समुदायका महिलाहरु भने केबल घाँस, दाउरा, चुलो-चौको, बालबच्चाहरुको लालनपालन, घरायसी क्रियाकलापहरुमा मात्रै सिमित भएर बस्नुपर्ने र अझ भन्ने हो भने थारु समुदायका छोरीहरुलाई कामकाज गर्न माथिल्लो बर्गका घरायसी काममा खटाउने परम्पराले गर्दा पनि उनीहरु शिक्षाको उज्यालो घामबाट बञ्चित हुन पुगेका हुन् ।

थारु महिलाहरु उक्त समुदायको एउटा महत्वपूर्ण हिस्सा हुन् र समग्र थारु समुदाय पछाडि पर्नुका पछाडि उक्त समुदायका महिलाहरु अशिक्षित हुनु पनि एउटा कारण हो । यी र यस्ता समुदायका महिलाहरुको प्रगति, उन्नति तथा हक-हित र शसक्तिकरणका लागि लागि परेका बिभिन्न संघ संस्था तथा राज्यले पनि उनीहरुको चेतना र शैक्षिक अवस्थामा खासै परिबर्तन ल्याउन नसकेको सन्दर्भमा उनीहरु शिक्षा र चेतनाको दृष्टिकोणले शसक्त हुन नसक्नुका कारणहरु के हुन् ? बर्तमान समयमा थारु महिलाहरुको शिक्षाप्रतिको लगनशीलता र सहभागिताको स्थिति के कस्तो छ ? भन्ने प्रश्नहरुको उत्तर खोतल्नु अत्यन्त जरुरी छ । राजनैतिक स्तरमा बिपन्न समुदायहरुका साथै महिलाहरुका हक अधिकारको संरक्षण र संबद्धनका लागि बिभिन्न समाबेशी र समानुपातिक जस्ता निकै प्रजातान्त्रिक अभ्यासहरुको सार्बजनिक बहस चलिरहेको अवस्थामा यो निकै जल्दोबल्दो समस्या, सवाल एंब मुद्दा भएको कारणले पनि थारु समुदायका महिलाहरुको शिक्षामा सहभागिताको अवस्था के छ, यसबारे अध्ययन गर्नु अत्यन्त महत्वपूर्णदेखिन्छ ।

तसर्थ सिमान्तकृत थारु समुदायका महिलाहरुको शिक्षामा सहभागिताको यथार्थ अवस्था पत्ता लगाउन उनीहरुको शैक्षिक अवस्थासँग सम्बन्धित बिभिन्न समस्याहरुको उठान गर्दै ती समस्याहरुको समाधानका लागि सम्बन्धित निकाय, संघ-संस्था तथा राज्यलाई समेत जिम्मेवार बनाउन मद्दत पुर्‍याउनु यस अध्ययनको महत्वपूर्ण पक्ष रहने छ।

# अध्याय दुई

## साहित्यिक पुनरावलोकन

### २.१ पूर्ब साहित्यको अध्ययन

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई व्यवस्थित, बैज्ञानिक र परिणाममुखी बनाउनका लागि सैद्धान्तिक समिक्षाको आवश्यकता पर्दछ । तसर्थ थारु महिलाहरुको बर्तमान समयमा शैक्षिक अवस्थामा आएको परिबर्तन, परिबर्तन आउनाका कारणहरु पत्ता लगाउनका लागि आधुनिकीकरण सिद्धान्त अन्तर्गत रही अनुसन्धान गरिएको छ ।

अमेरिकन समाजशास्त्री टाल्कोट पार्सन्सले आधुनिकीकरणलाई ब्याख्या र बिश्लेषण गर्ने सन्दर्भमा सामाजिक क्रियाको संरचना लगायत सामाजिक ब्यवस्थासंग सम्बन्धित दृष्टिकोणको बिकास गरेका छन् । उनका अनुसार सामाजिक परिबर्तन बास्तबमा सन्तुलन (Adaptation) को एउटा अवस्थाबाट अर्को अवस्थामा जाने प्रक्रिया हो, सरलबाट जटिलतिर जाने सामाजिक उद्बिकासको प्रक्रिया हो । सामाजिक उद्बिकासको मुख्य चालक शक्ति भनेको अनुकुलनमा आउने परिबर्तन हो । कुनै एक प्राचीन वा सरल समाज जटिल वा आधुनिक समाजमा रुपान्तरण हुनुको मुख्य कारण नै अनुकुलन हो । सामाजिक बिबिधिकरणको प्रक्रियाबाटै समाज एक अवस्थाबाट अर्को अवस्थामा परिबर्तन हुन्छ जुन परिबर्तनको क्रमसंगै सामाजिक ब्यवस्थाभित्र निहित बिभिन्न एकाईहरुमा प्रकार्यात्मक बिशिष्टता वा संरचनात्मक बिबिधताहरु थपिदै जान्छन् । उनका अनुसार बर्तमान आधुनिक समाज त्यही प्राचीन समाजकै बिकसित स्वरुप हो जुन सामाजिक ब्यवस्था भित्रका एकाईहरुमा हुने बिबिधिकरण, एकीकरण, पुनर्एकीकरण र अनुकुलनको परिणाम हो । पार्सन्सका अनुसार कुनै पनि सामाजिक संरचना वा ब्यवस्था पाँच वटा बिकसित प्रतिमान चलहरुबाट निर्धारित हुन्छ : Affectivity verses Affective Neutrality, Self-Orientation verses Collectivity-Orientation, Universalism verses Particularism, Ascription verses Achievement, and Specificity verses Diffusenessजसले परम्परागत र प्राचीन मुल्य, मान्यता, आस्था र बिश्वासलाई छोड्दै नयाँ र आधुनिक मुल्य मान्यता र पद्धतिहरुलाई अनुसरण गर्दै जाने प्रक्रियालाई जनाउँदछन । (राई र अन्य, २०७०) ।

Rostow को आधुनिकीकरणको सन्दर्भमा समाज ब्याख्याको अबधारणालाई महत्वपूर्ण अबधारणको रुपमा लिइन्छ ।उनका अनुसार कुनै पनि समाज प्राचीन अवस्थाबाट आधुनिक अवस्थामा प्रबेश गर्नका लागि पाँच वटा बिकासका चरणहरु हुन्छन् जसलाई हरेक समाजले अनिवार्य रुपमा पार गरेर मात्रै आधुनिककीकरण तर्फ अघि बढ्न सक्छ । उनका अनुसार समाज बिकासको सबैभन्दा पहिलो चरण परम्परित समाज हो जुन समाज बिज्ञान तथा प्रबिधिको अत्यन्त न्यून बिशेषता भएको समाज हो । कृषिमा आधारित समाज तथा प्रबिधियुक्त समाज नभएकाकारण यस चरण अन्तर्गतको समाजमा उत्पादन तथा बितरणको अवस्था सिमित हुने गर्छ । यो चरणको समाज परम्परागत सामाजिक मुल्य र मान्यतामा आधारित हुन्छ ।परिबर्तनका निम्ति पुर्वाधार तयार भैसकेको समाज दोस्रो चरणको समाज हो जुन समाजले परम्परागत समाजलाई पूर्ण रुपमा छाडि नसकेको अवस्था र समाज परिबर्तनको पूर्णतः पूर्वाधार तयार भैनसकेको अवस्थालाई जनाउछ । परिबर्तनका निम्ति आवश्यक पूर्वाधारहरु तथा पूर्बशर्तहरु तयार हुन्छन् । बिज्ञान तथा प्रबिधिको प्रयोग र सञ्चालनले स्थायित्व पाउँदै जान्छ । उत्पादनका प्रक्रिया र साधनहरुमा आधुनिकता एंब नबीनता थपिदैं परिबर्तन उन्मुख हुन्छ ।

त्यस्तै उनका अनुसार समाज बिकासको तेस्रो चरण परिबर्तित समाज हो । नयाँ आबिकाष्कार, प्रशस्त औद्यौगिक बिकासका साथै प्राबिधिक क्षेत्रमा भएका बिभिन्न सुधारका कारण यस चरणको समाजलाई आत्मनिर्भरताको चरण मानिन्छ । परिपक्वतातर्फ उन्मुख समाज चौथो समाज बिकासको चरण अन्तर्गत पर्दछ जहाँ समाज आफ्नो अधिकतम श्रोत र साधनहरुको उपयोगमा आधुनिक प्रबिधिहरुलाई प्रभाबकारी ढंगबाट प्रयोग गर्ने स्थितिमा रहन्छ । यस चरण अन्तर्गतको समाजमा पुराना प्रबिधिहरु, मुल्य, मान्यता तथा संस्कृतिहरुलाई नयाँ प्रबिधि तथा संस्कृतिहरुले प्रतिस्थापन गर्दछ । र पाँचौ तथा अन्तिम समाज बिकासको चरणको रुपमा आम जन समुदायले सामाजिक उपलब्धीको उपभोग गरिरहेको समाजलाई लिइन्छ जहाँ अधिकतम आम्दानी हुने ब्यक्तिहरु बिभिन्न किसिमका बिलासिताका बस्तुहरुको प्रयोग तथा उपभोग गर्ने गर्दछन् । बस्तुको उत्पादन भन्दा पनि उपभोगको मात्रा अत्यधिक हुने यस चरणको समाजलाई औद्यौगिक सभ्यताको एक महत्वपूर्ण चरणको रुपमा लिइन्छ जसले जीबनलाई बढी सरल, सहज र मनोरञ्जनपूर्ण बनाउँदछ (Noble, 2000)।

आधुनिकीकरणका थुप्रै आयामहरु छन् जस्तै बिश्व राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक पक्षहरुमा देखिएको स्वतन्त्रता, खुलापन तथा उदारीकरणलाई लिन सकिन्छ । यो प्रक्रिया कुनै पनि परम्परागत समाजका लागि अकाट्य र नकार्नै नसकिने पक्षको रुपमा देखिन्छ । खासगरी बिकासशील राष्ट्र जस्तै नेपाल, यहाँका मानिसहरु स्वतन्त्र रुपमा आधुनिकीकरणका प्रभावहरुलाई अनुसरण तथा अनुभब गर्ने गर्दछन् । आधुनिकीकरणका कारणले नेपाली युवा पुस्ताले आफ्नो ब्यक्तित्व, ब्यवसाय, जीबनशैली तथा परम्परागत मुल्य, मान्यताहरुमा परिबर्तन ल्याएको पाइन्छ । बिशेष गरी उनीहरुले पश्चिमेली सञ्चार साधन, प्रबिधि तथा इन्टरनेटका कारण पश्चिमेली जीबनशैली अपनाउदैं आफूलाई आधुनिकीकरणतर्फ डोऱ्याउदैं लगेको पाइन्छ । (Rai, 2012)

नेपालको बिभिन्न क्षेत्रमा बसोबास गर्ने जातजातीहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा शैक्षिक पक्षहरुमा स्वदेशी तथा बिदेशी बिद्धानहरुले केही अध्ययन गरेको पाईन्छ । त्यसमा पनि अति पिछडिएका जातीहरुको बारेमा अध्ययन अनुसन्धानहरु बढी भएको पाईन्छ । नेपालको तराई भू-भागमा बस्दै आएका सिमान्तकृत थारु जातीको बारेमा अध्ययन अनुसन्धान निकै भएको छ । थारु जातीहरु तराईमा बस्ने हुनाले त्यस क्षेत्रमा केही दशक अघिसम्म औलो जस्तो भयानक रोगको प्रकोप भएको कारणले गर्दा त्यस ठाँउमा अध्ययन गर्न जाने अध्ययनकर्तालाई असुबिधा भएको हुन सक्दछ । सन् १९५० पछि औलो उन्मुलन हुँदै जाँदा अन्य पहाडी क्षेत्रका बासिन्दाहरु बसाई सरेर तराईका बिभिन्न स्थानहरुमा बसोबास गर्न थाले र थारु जातीको बारेमा बिभिन्न स्वदेशी तथा बिदेशी बिद्धानहरुमा जिज्ञासा जाग्न थाल्यो । सामान्यतया नेपालको सम्पूर्ण तराईको आदिबासीको रुपमा परिचित थारुहरुलाई समेट्ने गरी र बिभिन्न पूर्बी र पश्चिम तराईका जिल्लाका थारु जातीको बारेमा अध्ययन अनुसन्धान भइरहेका छन् ।

धेरैकालसम्म औलोग्रस्त क्षेत्रको रुपमा रहेकोले शिक्षाको क्षेत्रमा यो क्षेत्र पछाडि पर्न गएको हो । बि.स.२०२८ सालको जनगणना अनुसार अधिराज्यमा १३.९ प्रतिशत जनसंख्या साक्षर रहेको तुलनामा यस जिल्लामा ७.१ प्रतिशत मात्र साक्षर रहनुको प्रमुख कारण यहाँ पहिले रहेको औलोको प्रकोप हो । औलो उन्मुलन पछाडि मानिसहरुको साथसाथै पाठशालाहरुको संख्या बढ्दै गयो । यहाँका बहुसंख्यक थारु बासिन्दाहरुमा पनि आफ्ना केटाकेटीहरुलाई पढाउनुपर्छ भन्ने भावना जागृत हुदैं आएको हुदाँ औलो उन्मुलन पछाडि

शिक्षाको प्रसारमा यहाँ निकै बृद्धि हुदैँ आएको छ । बि.स.२०२९ देखि यहाँ राष्ट्रिय शिक्षा पद्धति लागु भएको हुदाँ यस जिल्लाको शैक्षिक बिकासको गति झनै तीब्र हुँदै गएको छ । ( मेचीदेखि महाकाली,२०३१)

सन् १९५० पछिका दशकहरुमा बिभिन्न स्वदेशी तथा बिदेशी बिद्धानहरुले समाजशास्त्रीय तथा मानबशास्त्रीय दृष्टिकोणले नेपाली समाजको जातीय ब्यवस्थाको ऐतिहासिक प्रक्रिया जातजातीय बिवरणात्मक अध्ययन, जातीय द्वन्द्ध आदि जस्ता बिबिध पक्षहरुमा रहेर अध्ययन अनुसन्धान गरेको पाइन्छ । अध्ययन अनुसन्धान गर्ने बिदेशी बिद्धानहरुमा प्रो.हेमेन डोर्फले नेपालमा जातीय अध्ययन शुरु गरी सन् १९६४ मा नेपालका शेर्पा जातीका बारेमा अध्ययन गरेका छन् । त्यसै गरी पी.क्याप्लन, मेरी वल्स्टनक्राफ्ट, मेरी एन मास्लाक, बेनिट, एल.क्याप्लन, फ्रिडानआदिले समेतले बिभिन्न जातजातीका बारेमा अध्ययन गरेको पाइन्छ । त्यसैगरी नेपाली बिद्धानहरुमा गोपाल सिंह नेपाली (१९६५) ले नेवारहरुको जाती अध्ययन शुरु गरेका हुन् । त्यसपछि अन्य अनुसन्धानकर्ताहरु जस्तै डोर बहादुर बिष्ट, डिल्लीरमण रेग्मी, द्रोण प्रसाद रजौरे, ऋिषिकेशबराज रेग्मी, गणेशमान गुरुङ, केशबकुमार श्रेष्ठ आदिद्धारा नेपालमा बसोबास गरेका बिभिन्न जातजातीका बारेमा समय समयमा अध्ययन अनुसन्धान भएको पाइन्छ ।

होमनेहोम (१९६७) जसले सन्१९५९ बाट नेपालको समाजशास्त्रीय अध्ययनको सुरुवात गरे । उनले खुम्बु क्षेत्रमा बसोबास गर्ने शेर्पा जातीको अध्ययन गरेका छन् । Caplan (1960)ले लिम्बुहरुको प्रसंगलाई जोड्दै गुनारत्ने भन्दछन् नेपालमा जमीनमाथिको पहुँचको सवालमा जातीय, सामाजिक, सांकृतिक र राजनीतिक पहिचान छ । थारु जातीको पहिचान निर्माणमा शिक्षाको ठूलो भूमिका छ । राणाकालको अन्त्यपछि तराई बिभिन्न भागमा स्कुल स्थापनासंगै तराईमा चलेको शैक्षिक लहर, मोटरबाटो, सहभागितामुलक राजनीतिको बिकास र थारु समुदायको सुजबुझहरुको राजनीतिसंगको सम्बन्धले पनि आधुनिक थारु पहिचान निर्माणमा ठूलो भूमिका खेलेको छ । (गुनारत्ने, २००२)

मास्लाक (२००३) ले आफ्नो पुस्तकमा नेपालका थारु जनजाती समुदायमा छोरीहरुको शिक्षामा सहभागिताका बारेमा देखाएकी छिन् । उनले थारु समुदायमा शिक्षाको स्तर, शिक्षा प्रतिको धारणा, छोरी र उनको शिक्षा प्रति धर्म संस्कृति र परम्पराको प्रभाव के कस्तो रहेको छ भनेर अध्ययन गरेकी छिन् । यसैगरी उनले बिद्यालयको प्रकृति, घरबाट

त्यसको दुरी, शिक्षकमा महिला पुरुषको अवस्था, पाठ्यक्रम तथा स्कुलका सुबिधाहरुमा आधारित रहेर थारु केटी मान्छेको शिक्षाको अवस्थितिका साथै अन्य जातको भन्दा थारुको न्यून शिक्षा रहेको देखाएकी छिन् । थारुका छोरीहरु अन्यको घरमा काम गर्न जाने प्रचलनका साथै आफ्नो घरको काममा पनि उनीहरुको संलग्नता बढी रहने परिपाटी र प्रचलनका कारण छोरी मान्छेको शिक्षामा पहुँच हुन नसकेको र थारु समुदायमा छोरीको काम, बिवाह र भूमिकालाई बढी जोड दिने तर छोरीको शिक्षालाई ध्यान नदिने परिपाटी छ । लेखिकाका अनुसार छोरा र छोरी वा दुबैमा स्कुल शिक्षाका लागि ६० प्रतिशत निर्णय घरमूलि पुरुषबाट नै हुने गर्दछ ।

बेनेटले (सन् १९८३) ले आफ्नो पुस्तकमा हिन्दु पुरुष प्रधान समाजमा नेपाली उच्च जातका महिलाहरुको सामाजिक र प्रतिकात्मक भूमिका पत्ता लगाएकी छिन् । हिन्दु परम्परामा महिलाको बिवाहपूर्व र बिवाह पछिको अवस्था कस्तो रहने रहेछ भनी यस पुस्तकमा उल्लेख गरेकी छिन् ।

केन्द्रिय तथ्यांक बिभाग, २०६८ मा उल्लेख भए अनुसार नेपालको कुल जनसंख्याको ३०.८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । आर्थिक स्थिति कमजोर भएका परिवारका केटाकेटीहरुले घर, स-साना भाईबहिनीहरुको रेखदेख गर्नु पर्दछ । साँझ बिहान छाक टार्न मुश्किलमा परेका वा रहेका ती थारु समुदायका घर परिवारलाई बिद्यालयको खर्च ब्यहोर्न गाह्रो परिरहेको हुन्छ । फलस्वरुप ती परिवारका केटाकेटीहरु शिक्षा क्षेत्रबाट बञ्चित भएका हुन्छन् । त्यसै कारणले गरिबी र अशिक्षाका कारणबाट थारु समुदायका बालबालिकाहरु शिक्षाको उज्यालो ज्योति प्राप्त गर्नबाट बञ्चित भएका हुन्छन् ।

थारुहरुले प्राथमिक शिक्षासम्म पढे पनि त्यो भन्दा माथिल्लो तहमा भाषाको कारणले अन्य बिद्यार्थीसंग प्रतिस्पर्धा गर्न सक्दैनन् र पढाई छोड्दछन्। त्यस्तै गरी थारु महिलाहरुलाई पनि भाषागत समस्याका कारणले पढाईमा बाधा पुगिरहेको छ । त्यसको साथसाथै थारु महिलाहरुको जनशक्ति घरको काममा बढी चाहिने र महिला शिक्षालाई आरामदायीको रुपमा हेरिने हुदाँ महिलाको शिक्षामा न्यून उपस्थिति छ (रजौरे, १९८१) ।

## २.२ नेपालमा वर्तमान महिला शिक्षा नीति तथा कार्यक्रमहरु

शिक्षा हरेक पक्षको मूल ढोका हो । बिना शिक्षा विकास संभव छैन । प्रयोगात्मक नेपाली शब्दकोष,मा अधिकारी (२०७१) मा उल्लेख भए अनुसार शिक्षा भन्नाले देखेर, सुनेर, पढेर, सिकेर वा अनुभव गरेर प्राप्त गर्ने ज्ञान वा सिप हो । यसरी नै हामीले शिक्षा प्राप्त गर्न सक्दछौं ।

शिक्षालाई सामान्य अर्थमा आदर्श एवम् कर्मशिल मानव जीवन तयार गर्ने सर्वोत्तम साधनका रुपमा मानिन्छ । मानव सभ्यताको प्रारम्भ देखि नै मानविय जीवनको सार्थकता एवम् सभ्य समाजको गतिशिलता शिक्षामा नै निर्भर हुँदै आएको छ । हरेक नवजात शिशुलाई पशुत्वको प्रवृत्तिबाट मनुष्यको आचरण निर्माण गर्ने मुख्य साधन नै शिक्षा हो शिक्षाले नै हरेक नवजात शिशुलाई पूर्ण मानविय जीवन निर्वाह गर्न सक्षम तुल्याउछ । दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक ज्ञान प्रदान गरी समाजमा बस्न सक्ने योग्य बनाउँछ । (वाग्ले र ढकाल, २०६४) शिक्षा भनेको सामाजिक दृष्टिले समाज सापेक्ष आर्थिक दृष्टिले सक्षमता दार्शनिक दृष्टिले मानविय चिन्तन (ईश्वर छ छैन ?) सत्य के हो ? भौतिक जगत के हो ? आदि विभिन्न विचारहरु भएको पाइन्छ । सामान्यतया शिक्षा भनेको व्यक्ति र समाजको भलो गर्ने उच्चतम साधनको रुपमा मान्नु पर्दछ ।

नेपाल सर्वेक्षण २०६६/६७ का अनुसार साक्षरता तथा शैक्षिक स्थिति दुवैलाई व्यक्ति तथा परिवारको महत्वपूर्ण समृद्धि सूचक मानिन्छ । सर्वेक्षणका अनुसार कसैले पढ्न र लेख्न दुवै जानेको भए मात्र साक्षर भनिन्छ । नेपालमा महिलाको लागि औपचारिक शिक्षाको सुरुवात भने सन् १९३२ (वि.सं.१९८०) मा कन्या पाठशालाबाट भएको देखिन्छ । यस विद्यालयको स्थापना तत्कालिन महिला योद्धाहरु स्नेहलला, कनकलता, साधना र साहनाको संघर्षबाट भएको मानिन्छ । ती योद्धाहरुले तत्कालिन राणा प्रधानमन्त्री पद्म शमशेर समक्ष केटीहरुले पनि पढ्नु पाउनु पर्छ भन्ने माग राखेका थिए । यसरी विद्यालय शिक्षाको शुरुवातले सर्वसाधरण, बालबालिका र महिलाहरुलाई औपचारिक शिक्षा हासिल गर्ने अवसर प्राप्त भएको थियो । यस अघि राणा शासन कालमा महिलाहरुले मूलत दुइ प्रकारको शिक्षा- धार्मिक शिक्षा र विवाह अगाडी वैवाहिक जीवन शिक्षा घरमा आफ्ना मान्यजनहरु बाट पाउने गर्दथे । (श्रेष्ठ, २०७१)

नेपालमा विद्यालय शिक्षालाई प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा विभाजन गरी औपचारिक शिक्षा प्रदान गर्ने गरिन्छ । यसको अलवा Early childhood development (ECD) र पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने क्रममा हाल उक्त तहमा ३४१७४ विद्यालयमा छात्रा ५०६७२५ र छात्र ५४६३२६ गरी जम्मा १०५३०५१ रहेको पाइन्छ । नेपालमा शैक्षिक सत्र २०६९ मा कुल विद्यालय संख्या ३४७८२ रहेकोमा शिक्षकको संख्या २६५९७१ छन् भने कुल विद्यार्थी संख्या ८३३०९८३ रहेको देखिन्छ । गत शैक्षिक सत्रको तुलनामा कुल विद्यालय संख्यामा १.२ प्रतिशत वृद्धि र कुल शिक्षक संख्यामा ३.० प्रतिशतले वृद्धि भएको देखिन्छ । कुल विद्यार्थी संख्यामा २.० प्रतिशतले कमी भएको पाइन्छ । शैक्षिक सत्र २०६९ मा कुल शिक्षक संख्या २६५९७१ रहेकोमा कुल शिक्षक संख्यामा पुरुष ६४.५ प्रतिशत रहेकोमा महिला शिक्षिका ३५.५ प्रतिशत रहेको पाइन्छ । (के.त.वि, २०६९/७०)

नेपालमा पहिलो पटक सन् १९५३ (वि.सं.२०१०) मा गठित नेपालमा राष्ट्रिय शिक्षा आयोगले महिला शिक्षाको बारेमा यस्तो लेखेको पाइन्छ । कुनै पनि देशमा आमाहरु निरक्षर रहन्जेल त्यस देशको विकासको कल्पना पनि गर्न सकिन्न जब सम्म महिलाहरु निरक्षर हुन्छन् तब सम्म पुरुषहरु जति सुकै साक्षर भएता पनि उनीहरु अर्धसाक्षर मात्र हुन्छन् । यसरी पुरुषका साथै महिलाहरुका लागि आधुनिक शिक्षाको आवश्यकताको महसुस यसैबेला देखि मात्र गरेको देखिन्छ । यस आयोगले दिएको सुझाव अनुसार नेपालको पहिलो पञ्च वर्षिय योजना (२०१३ देखि २०१७ साल) मा केही कार्यक्रम र वित्तिय व्यवस्था गर्ने प्रयास भएको देखिन्छ । वि.सं.२०२८ मा योजनाबद्ध विकास गर्न राष्ट्रिय शिक्षा पद्धति योजना लागु भएको थियो । यसमा बालिका र महिला दुवैलाई समान शिक्षा दिने बारे उल्लेख भएको देखिन्छ । (राष्ट्रिय योजना आयोग, २०४८)

शिक्षा महिला विकासको महत्वपूर्ण पक्ष मानिन्छ तर नेपालमा करिब ४० प्रतिशत महिला मात्र साक्षर छन् । यद्धपि कुल साक्षरता दर भने ५४ प्रतिशत मात्र छ । महिलाको चेतना स्तर बढाइ उनीहरुको सर्वपक्षिय विकासका लागि शिक्षा आवश्यक वस्तु हो । ( घिमिरे, २०६५) शिक्षालाई महिला समानता र सशक्तिकरणका साधनका रुपमा अझ बढी स्वीकार्न आवश्यक छ ।

शिक्षित हुन पाउनु महिलाको नैसर्गिक अधिकार हो । यसको अभावमा पितृसतात्मक प्रणालीलाई रुपान्तरण गर्ने साधन र सिप प्रदान गर्न नसकी त्यसले निरन्तरता पाउदै जान्छ

। नेपालमा यस्तो हुन नदिन शिक्षामा महिलाको पहुँच र सहभागिताको सुनिश्चितता प्रदान गर्नु आवश्यक छ ।

### २.२.१ थारु महिला र शिक्षा

शिक्षाको कमीले गर्दा थारु जाती अन्धबिश्वास र रुढिबादी बिचारबाट ग्रस्त छन् । उनीहरुको मनोबैज्ञानिक बिश्लेशण गर्दा "आफ्नो खेती छँदैछ, पढाएर के मतलव" भन्ने गरेको पाइन्छ । केटाहरु ठूलो भए पछि खेतीमा लागि हाल्छन् भन्ने मनोबृत्तिले थारु जातीमा शिक्षाको बिकासमा बाधा पुगेको देखिन्छ । (प्रसाद, २०३४)

आदिम कालमा केटाकेटीहरुलाई पढाउने पाठशालाको कमी थियो । पुगिसरी आउने मानिसले आफ्ना घरमै शिक्षक राखेर आफ्ना लालाबाला पढाउँथे तर अचेलको परिबेशमा शिक्षाको उज्यालो नेपाल भरि नै फिजिएको पाइन्छ । थारु जातीले भने अझै पनि आफ्ना लालाबालालाई पढाउन सकेका छैनन् । (शर्मा, २०४४)

थारु जातीका मानिसले आफ्ना छोरालाई गाँउबाट शहरमा पढ्न पठाउँछन् । शहरदेखि अपरिचित थारु केटाहरु श्हरी फेसन र सिनेमातिर बढी ध्यान दिन्छन् जसले गर्दा उनीहरु परिक्षामा असफल भई घरमा बस्दछन् । थारु जातीका केटाहरुले उचित निर्देशन नपाएर पनि हो । उनीहरुका अभिभाबक बर्ग शिक्षा नपाएकाले उनीहरुलाई शिक्षाको महत्व नै थाहा छैन् । (ऐजन)

थारु जातीका महिलाहरुको शिक्षादिक्षाप्रति ध्यान कमैले दिएको पाइन्छ । उनीहरु महिलालाई पढाउनु, लेखाउनु पाप सम्झिन्छन्, महिलाले घर बाहिर जान दिनु आफ्नो मान प्रतिष्ठाको बिरुद्ध ठान्दछन् ।स्त्री शिक्षाको महत्व पुस्तकमा थारु जातिका महिलामा प्रगति नहुने मूल कारण अशिक्षा हो । तर कोचिला थारु जातिमा स्त्रीहरुको शिक्षामा प्रचारप्रसार नगन्य रुपमा नै भएको पाइन्छ भनि उल्लेख गरेका छन् ।(चौधरी, २०३८)

नेपालमा रहेका थारु जातिको जनसंख्याको अनुपातमा धेरै कमले शिक्षा पाएका छन् । यस जातिका मानिसमा उच्च शिक्षा पाएका भए तापनि कमैले व्यवसायिक शिक्षा पाएको देखिन्छ । प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय, माध्यमिक विद्यालय र विश्व विद्यालय अर्न्तगतका क्याम्पसहरुमा अध्ययन र अध्यापन सेवामा संलग्न रही कार्य गरेको देखिन्छ । उच्च सेवा ग्रहण गरेका थारु जातिका मानिसहरु सरकारी सेवामा संलग्न रहेका देखिन्छन् ।

यस जातिका मानिसहरु नेपाला मन्त्री पदमा रहेर पनि सेवा गरेको पाइन्छ । तर हामीहरुले निः सङ्कोच रुपमा के भन्नु पर्छ भने यो थारु जातिका महिलाहरु शिक्षाको उज्यालोबाट धेरै टाढा रहेको पाइन्छ । (शर्मा, २०६४)

कोचिला थारु जातिमा पहिला बाल विवाहको प्रचलन थियो र अहिले पनि अशिक्षित थारुसमाजमा यो प्रचलन कायमै छ तापनि हाल केही सुधार भइ १०-१२ वर्षको उमेर सम्म पुगेको छ । भित्ते चित्र बनाउने थारु युवतीहरु त्यति शिक्षित हुँदैनन् । तर वर्ष भरिमा एकपल्ट तिहारका दिन थारु युवतीहरुका कोमल र सुकुमार औलाहरुमा कलात्मक स्पन्दन हुन्छ । (द्विवेदी, २०४१)

द्विवेदीले आफ्नो अध्ययन पूर्वाञ्चल कोचिला थारु संस्कृतिमा थारु समाजमा स्त्रीले लेख्नु-पढ्नु पाप सम्भिन्छन् थारु महिलालाई घर बाहिर जान दिनु मान प्रतिष्ठाको विरुद्ध सम्भिन्छन् नारीलाई घरको चार किल्ला भित्र राखिन्छ र नारीलाई बच्चा जन्माउने एउटा मेसिनको रुपमा मात्र सम्भिन्छन् भनि आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छ ।

मोरङगिपाका साथसाथै अन्य थरुनीहरुमा पनि शिक्षाको धेरै अभाव देखिन्छ । मोङगिपा थरुनीहरुमा दुइ-तिन जनाले एस.एल.सी.सम्म शिक्षा प्राप्त गरेको देखिन्छ भन्ने सप्तरियाहरुमा केही बढी संख्या देखिन्छ । यसबाहेक अरु थारु नारीहरु अशिक्षाकै अन्धकारमा भइरहेको पाइन्छ । यसको मुख्य कारणहरुमा बाबुआमाको आर्थिक कमजोरी केटीप्रति उपेक्षाको भावना, पढे-लेखेका केटीको लागि योग्य वरको अभाव, थारु केटाकेटीको १५, १६ वर्षको उमेर अगाडी नै विहे हुने देखिन्छ । (भगत, २०३५)

थारुहरु शिक्षामा नआउनुको कारण उनीहरु प्रचलित उखान “आधा पढो हरसे गयो, पुरो पढो घरसे गयो” को पनि महत्वपूर्ण भूमिका छ । एउटै गाउँमा बस्ने बाहुन क्षेत्रीमा पढ्नु पर्छ भन्ने धारणा छ तर थारुहरुमा त्यस्तो धारणा पाइन्दैन । (लामिछाने, २०६६)

थारु महिलाहरु मुख्य रुपमा खेती र पशुपालनबाट नै जीविका चलाउने गर्दछन् आजकाल केही खास गरी पूर्व तराई तर्फका थारुहरु मध्ये व्यापार तथा सरकारी नोकरी आदिमा सफलता पाएकाहरु पनि छन् । शिक्षितको संख्या दिन प्रति दिन बढ्दै छन् तै पनि धेरै जसो मानिस खेतीमा लागेका छन् । (विष्ट, २०६४)

भाषिक समस्या सबै थारु वालवालिकाहरुमा भएपनि महिलाहरु बढि यसमा पिडित हुने गरेका छन् । उनिहरु विद्यालयमा गएपनि आ-आफ्नो थारु महिलाको समुहमा बस्ने गर्दछन् । थारु भाषा मै बोल्ने गर्दछन् । अन्य मानिस सँग कम बोल्ने भएकोले नेपालि भाषा बुझ्ेपनि प्रतिउत्तर दिन सक्दैनन् । उनिहरु विद्यालय त जान्छन्तर शिक्षक शिक्षिकाले नेपालि भाषा मै पढाउने भएकोले नबुझ्ेको कुरा सोध्ने गर्दैनन् र पछि उनिहरु परिक्षामा असफल भइ विद्यालय नै छोड्ने गर्दछन् । अन्य विद्यार्थि सँग कम अन्तरक्रियाले गर्दा थारु महिलाहरुलाई बढि भाषिक समस्या पर्न गएको हो । तर विद्यालयमा बहुभाषिक शिक्षक शिक्षिका हुनु अनिवार्य नै हुनुपर्दछ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

कुनै पनि अध्ययन-अनुसन्धान कार्यलाई प्रभाबकारी, व्यवस्थित र बैज्ञानिक बनाउनका लागि अनुसन्धान पद्धतिको महत्वपूर्ण भूमिका हुने गर्दछ । तसर्थ यस अध्याय अन्तर्गत अनुसन्धान कार्यको शिलशिलामा प्रयोग गरिने अध्ययन ढाँचा, अध्ययन क्षेत्रको छनोट, तथ्यांकको स्रोत र प्रकृति, तथ्यांक संकलन बिधि, पद्धति, नमुना छनोट बिधि तथा तथ्यांकको ब्याख्या र बिश्लेषण निम्न अनुसार गरिएको छ :

### ३.१ अध्ययनको क्षेत्र छनोट

यस अनुसन्धान प्रक्रियामा थारु समुदायका महिलाहरुको शैक्षिक क्षेत्रमा रहेको सहभागिताबारे अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा थारुहरुको बाहुल्यता रहेको कैलाली जिल्लाको टिकापूर नगरपालिका, वडा नं. ९ को राजीपूर गाउँलाई छनौट गरिएको छ ।

यस शोधपत्रमा कैलाली जिल्लाको टिकापुर नगरपालिका-९ का थारु जातिलाई नै शोधकर्ताले छनौट गर्नुको पछाडि निम्न कारणहरु रहेका छन् : यस क्षेत्रमा बसोबास गर्ने थारु जातिका महिलाहरुको शिक्षासँग सम्बन्धित विस्तृत अध्ययन नभएकोले । अध्ययन थारु जातिको शिक्षाको अवस्थामा पहिले र अहिलेमा के-कस्तो अवस्था रहेको र के परिवर्तन हुँदैछ  भन्ने रुचि भएकाले । यस क्षेत्रका थारु जातिका महिलाहरुको शैक्षिक उपलब्धि तथा समस्याहरु को विस्तृत जानकारी नभएकोले ।

### ३.२ अध्ययनको ढाँचा

यो अनुसन्धान महिलाहरुको शैक्षिक अवस्थाका वारेमा जानकारी प्राप्त गर्नु महिला शिक्षालाई प्रभावित गर्न विविध तत्वहरुको खोजिगर्नु तथा शिक्षाले महिलाको जिवनमा पारेको प्रभाव परिक्षण गर्नुतर्फ केन्द्रित भएको हुदाँ यसमा शैक्षिक अवस्थाको सम्बन्धमा वर्णात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरुको वर्णन गरीएको छ  । भने महिलाको शैक्षिक अवस्था र शिक्षा प्रतिको धारणलाई प्रभावित गर्न समाजमा विद्यमान् तथ्यहरुको पहिचान गरी त्यसको वारेमा व्याख्या र विश्लेषण गरीएको छ ।

## ३.३ जनगणना बिधि

थारुहरुको बाहुल्यता रहेको कैलाली जिल्लाको टिकापूर नगरपालिका, वडा नं. ९ को राजीपूर गाउँमा करिब ५८ वटा घरधुरीहरु रहेका छन् । त्यस क्षेत्रमा रहेका उक्त घरमा रहेका परिवार संख्या, पुरुष महिला , रहनसहनको अवस्था , शिक्षाको अवस्था आदि सम्पूर्ण वनौटलाई समावेश गरी तथ्यांक संकलन गरीएको छ । जसलाई जनगणना विधिबाट ५८ वटा नै घरधुरीलाई छनोट गरी अध्ययन-अनुसन्धान गरिएको ।

## ३.४ तथ्यांकको स्रोत र प्रकृति

अध्ययनको बिषयसँग सम्बन्धित आवश्यक तथ्य तथा सूचनाहरु संकलन गर्नका लागिनिम्न बिधिहरु अपनाइएको छ-

क) प्राथमिक स्रोतः यस बिधि अन्तर्गत प्रश्नावली र अन्तर्बार्ता बिधिको मार्फत अनुसन्धानकर्ताको प्रत्यक्ष सहभागिता एंब अवलोकनका आधारमा तथ्यांक संकलन गरिएको छ ।

ख) द्धितीय स्रोतः यस बिधि अन्तर्गत पत्रपत्रिका, मासिक तथा बार्षिक बुलेटिनहरु, बिभिन्न पुस्तक, प्रतिबेदन, शैक्षिक तथ्यांक, शोधपत्र तथा इन्टरनेट आदिको यथोचित प्रयोगका आधारमा तथ्यांक संकलन गरिएको छ ।

अन्तर्गत पत्रपत्रिका, मासिक तथा बार्षिक बुलेटिनहरु, बिभिन्न पुस्तक, प्रतिबेदन, शैक्षिक तथ्यांक, शोधपत्र तथा इन्टरनेट आदिको यथोचित प्रयोगका आधारमा तथ्यांक संकलन गरिएको छ ।

## ३.५ तथ्यांक संकलन बिधि

कुनै पनि अध्ययन कार्यलाई भरपर्दो, प्रभाबकारी र बैज्ञानिक बनाउनका लागि तथ्यांक संकलन बिधिलाई निकै महत्वपूर्ण चरणको रुपमा लिने गरिन्छ ।त्यसकारण, यस अध्ययनका क्रममा निम्न अनुसारका तथ्यांक संकलन बिधिहरु अपनाइएको छ ।

### ३.५.१ अनुसूची

यस विधिमा विभिन्न किसिमका प्रश्नहरु पहिले नै तयार गराएर सर्वेक्षण स्थलमा गएर अनुसन्धानकर्ताले सोध्ने काम गरिएको छ । सबै प्रश्नहरु वस्तुगत हुने भएकोले सबै उत्तरहरु सही र स्पष्ट रहेका छन् । यस अर्न्तगत थारु महिलाहरुको पारिवारिक विवरण, आर्थिक अवस्था, शैक्षिक अवस्था सम्बन्धी जानकारी गरिएको छ ।

### ३.५.२ अन्तर्बार्ता

अनुसन्धानकर्ताको आवश्यक सुचना प्राप्त गर्नका लागि व्यक्तिगत रुपमा प्रत्यक्ष महिलाहरु सँग भेटि उनिहरुको शिक्षा प्रतिको धारण वुझ्न अर्न्तवाता सुचिको प्रयोग गरीएको थियो । थारु महिलाहरुका शैक्षिक समस्याहरुका सम्बन्धमा अन्तरनिहित भाबनाहरु, दृष्टिकोणहरु र बिचारहरुलाई समेट्नका लागि अन्तर्बार्ता बिधिले मद्दत पुऱ्याएको छ ।

### ३.५.३ प्रश्नावली

यस अध्ययन अन्तर्गत थारु महिलाहरुको शैक्षिक अवस्थाबारेका समस्याहरुलाई खुला र बन्द प्रश्नावली बिधि अपनाई तथ्यांक संकलन गरिएको छ ।

## ३.६ तथ्यांकको ब्याख्या र बिश्लेषण

यस अध्ययन तथा अनुसन्धानको तथ्यंक संकलनका क्रममा प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरिएको तथ्यांकलाई तालिकाबद्ध गरिएको छ । थारु समुदायका महिलाहरुको शैक्षिक क्षेत्रका समस्याहरुमा केन्द्रित भई संकलित तथ्यांकको प्रकृति अनुसार बर्गिकरण गरी बिश्लेषण तथा तालिकाबद्ध रुपमा प्रस्तुत गरिएको छ । साथै परिमाणात्मक प्रकृतिको तथ्यांकलाई साधारण तालिकामा प्रस्तुत गरिएको छ भने गुणात्मक प्रकृतिका तथ्यांकहरुलाई ब्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययन क्षेत्रको सीमा

छोटो समयमा सम्पन्न गर्नुपर्ने बाध्यता तथा प्रयाप्त स्रोत साधनको अभाबका कारण कैलाली जिल्लाको टिकापूर नगरपालिका, वडा नं. ९ को राजीपूर गाउँलाई यस

अनुसन्धानको अध्ययन क्षेत्रको रुपमा लिइएको छ र उक्त थारु बाहुल्यता रहेको गाउँमा बसोबास गर्ने करिब ५८ वटा घरधुरीहरु बसोबास गर्ने गर्दछन् । ति ५८ वटै घरपरिवारका प्रत्येक घरका एक-एक महिलालाई जनगणना विधिबाट ५८ महिलालाई मात्र समान रुपमालिई अध्ययन गरिएको छ । यस सिमित स्थानमा बसोबास गर्ने थारु समुदायका महिलाहरुको शैक्षिक अवस्थाबारेको यस अनुसन्धानले समग्र नेपालको तराई भेगमा बसोबास गर्ने सम्पूर्ण थारु समुदायको अवस्थालाई हुबहु समेट्न नसके पनि थारु महिलाहरुको शैक्षिक अवस्था प्रतिनिधित्व गर्ने छ ।

# अध्याय-चार

## तथ्यांकको बिश्लेषण र परिणाम प्रस्तुतीकरण

### ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

नेपालको सूदुरपश्चिमाञ्चल बिकास क्षेत्र, सेती अञ्चल अन्तर्गत कैलाली जिल्लाको पूर्वी भेगमा पर्ने कर्णाली नदीको तटमा अवस्थित टीकापुर नगरपालिका बि.स. २०५३ साल माघ १७ गते देशभर एकै पटक घोषणा भएका नगरपालिकाहरुमध्ये एक हो । यो ठाँउ शुरुमा घना जंगल भएको र पछि गएर मानिसहरुको बस्ती बस्ने क्रममा यहाँका गाउँहरु टीका जस्तै गोलो भएर बसेकाले यस ठाउँको नाम टीकापुर रहन गएको भन्ने भनाइ रहेको छ ।

यो ठाउँ महेन्द्रराजमार्गमा पर्ने लम्की बजारदेखि १४ किलोमिटर दक्षिणपट्टि भारतको सिमानादेखि १४ किलोमिटर उत्तर पथरैया नदीको पूर्व र कर्णाली नदीको पश्चिममा अवस्थित रहेको छ । यस शोधपत्रको अध्ययन क्षेत्र टीकापुर नगरपालिका वडा नं. ९ पर्ने राजिपुर गाउँ हो जहाँ थारु जाति मात्र बसोबास गर्ने गर्दछन् ।

### ४.२ लिङ्गका आधारमा टीकापुर नगरपालिका ९ राजिपुरका थारुहरुको जनसंख्या

हाम्रो समाज परापूर्बकालदेखि नै पृतिसत्तात्मक सोच र प्रबृत्तिबाट निर्देशित र सञ्चालित हुँदै आएको छ । स्वभाबिक रुपमा पृतिसत्तात्मक परिवार र समाजमा महिलाको तुलनामा पुरुषको पारिवारिक, सामाजिक, आर्थिक तथा राजनीतिक हैसियत र पहुँच उच्च हुने गर्दछ । जसले गर्दा सन्तानहरुमा पनि लैंगिक बिभेद हुने र यसले छोराछोरीहरुको संख्यात्मक बिवरणमा प्रभाव पर्ने गर्दछ ।

अध्ययन क्षेत्रका थारुहरुको ५८ घरधुरीमा कुल ३२८ जनसंख्या बसोबास गर्ने गर्दछन् । यस क्षेत्रमा महिलाहरुको तुलनामा पुरुषको बाहुल्यता रहेको छ । उक्त क्षेत्रमा बसोबास गर्ने महिला र पुरुषको लैंगिक अनुसारको जनसंख्या बिवरण निम्न तालिकाबाट प्रष्ट पारिएको छ :

**तालिका नं. १**

**लिङ्गका आधारमा जनसंख्याको बनोट**

| क्र.स. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १५७ | ४७.९ |
| २ | पुरुष | १७१ | ५२.१ |
| | **जम्मा** | **३२८** | **१००** |

**स्रोतः** स्थलगत सर्वेक्षण २०७२

माथि तालिका नं. १ मा देखाए अनुसार महिलाको भन्दा पुरुषको जनसंख्या बढि रहेको छ । किनकि हाम्रो जस्तो पुरुष प्रधान समाजमा छोरीको भन्दा छोराको चाहाना बढि गर्ने भएकोले पुरुषको जनसंख्या महिलाको जनसंख्या भन्दा बढि हुन गएको देखिन्छ । यस समुदाएमा धेरै जस्तोको परिवारमा दुई/तीन दाईभाई भएको घरमा दाईले विवाह गरेको छ भने दाईको मृत्यु पश्चात भाईले भाउजुसंग विवाह गर्नु पर्ने हुन्छ तर आजभोलि त्यस्तो चलन क्रमशः घट्दै गएको देखिएको छ । यस्तो सामाजिक रुढीवादि परम्पराले गर्दा छोरा आमाबुवाको बुढेसकालको सहारा बन्ने गर्दछ भने छोरी अर्काको घरमा जाने जात भन्दै छोरीलाई गर्भमा नै तुहाउने गर्दछन् । यस्तै कारणहरुले गर्दा तुलनात्मक रुपमा पुरुषको जनसंख्या भन्दा महिलाको जनसंख्या कम रहेको पाइएको छ ।

## ४.३ उमेरगत आधारमा थारु जातीको बिवरण

अध्ययन क्षेत्रमा उत्तरदाताको परिवारमा बिभिन्न उमेर समुहको जनसंख्या रहेको पाइएको छ । उमेर अनुसार थारु जातीहरुको अध्ययनका क्रममा अध्ययन क्षेत्रका ५८ घर परिवारमा स्थलगत अध्ययन गरिएकोमा उक्त क्षेत्रमा ०-१० उमेर समुहका बालबालिका मध्ये बालिकाको भन्दा बालकको संख्या पाँचले बढी रहेको पाइएको छ ।

हाम्रो जस्तो परम्परागत रुढीवादि सोचाइ र गर्भमा नै छोरी छ भन्ने थाहा पाउने बितिकै भ्रुण हत्याका कारण छोरीको भन्दा छोराको चाहाना बढी भएकोले नै बालिकाको भन्दा बालकको संख्या धेरै हुनगएको अध्ययनबाट थाहा भएको छ । त्यसैले यहाँ

उत्तरदाताको परिवारको कुल जनसंख्यालाई उमेरका आधारमा बिभिन्न समुहमा बिभाजन गरि बिश्लेषण गरिएको छ जुन निम्नानुसार तालिकाबाट प्रष्ट पारिएको छः

**तालिका नं. २**

**अध्ययन क्षेत्रका उत्तरदाताको परिवार र संख्याः**

| क्र.स. | उमेर समुह | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-१० | १५ | ९.५५ | २० | ११.७० |
| २ | १०-३० | ५० | ३१.८५ | ५५ | ३२.१६ |
| ३ | ३०-५० | ६० | ३८.२२ | ७५ | ४३.८६ |
| ४ | ५०-६५ | २५ | १५.९२ | १६ | ९.३६ |
| ५ | ६५+ | ७ | ४.४६ | ५ | २.९२ |
| | **जम्मा** | **१५७** | **१००** | **१७१** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७२

१०-३० वर्ष उमेर समुहका महिला ५० अर्थात ३१.८५ प्रतिशत र पुरुष ५५ जना अर्थात ३२.१६ प्रतिशत जुन विद्मालय र क्याम्पस जाने कार्यमा व्यस्त रहेका छन् । यो उमेर समुहमा विद्यालय जाने संख्या महिलाको भन्दा पुरुषको संख्या बढी रहेको छ किनकि अझैपनि यस समुदायमा छोरीहरुले पढ्नु हुदैन् भन्ने मान्यता कायमै रहेको छ । तर बिगतमा आफुले नपढेर पाएको दुःखका कारण पहिलेको तुलनामा आजकाल छोरीहरुलाई पढाउन थालेको स्थलगत सर्वेक्षणबाट पाइएको छ ।

त्यसैगरि ६५ बर्ष उमेर भन्दा माथिका महिलाको संख्या ७ जना रहेकोमा पुरुषको जम्मा संख्या ५ जना रहेको छ । यसमा के भन्न सकिन्छ भने पुरुषको भन्दा महिलाको औसत आयु धेरै हुने भएकोले गर्दा बुढेसकालमा महिलाको भन्दा पुरुषको मृत्यु अगाडि हुने गरेको पाइएको छ । यसरी यस समुदायको हरेक उमेर समुहमा महिलाको भन्दा पुरुषको संख्या धेरै रहेको स्थलगत अध्ययनबाट थाहा हुन आएको छ ।

## ४.४ बैवाहिक अवस्थाका आधारमा

हाम्रो नेपाली समाजमा चेलीबेटीहरुलाई कम उमेरमै बिवाह गरेर पराई घर पठाउने प्रचलन बिद्यमान छ । पराई घर पठाउनुपर्ने छोरीका लागि धेरै लगानी गर्नु ब्यर्थ हो भन्ने परम्परागत र संकीर्ण सोचका कारण छोरीहरु शारीरिक, मानसिक तथा सामाजिक रुपले परिपक्व हुन नपाउँदै बिहे गर्ने प्रचलन छ । यस्तो रुढीवादी प्रचलन र सोचाईका कारण बिवाह पश्चात प्रायः महिलाहरुको शारीरिक, मानसिक, पारिवारिक तथा सामाजिक समस्याहरु देखिएको पाइन्छ । कम उमेरमै बिवाह गरिदिनाले महिलाहरु पुरुषहरुले जस्तो शैक्षिक, आर्थिक, सामाजिक तथा राजनीतिक प्रगति, पहुँच र अवसर प्राप्त गर्नबाट बञ्चित हुने गर्दछन् ।

कुनै पनि समाजमा कुन उमेरमा बिवाह गर्ने भन्ने बिषयलाई उक्त समाजको सामाजिक तथा सांस्कृतिक पक्षहरुले प्रभावित पारेको हुन्छ । यस अध्ययन क्षेत्रमा प्रत्यक्ष गरिएको अवलोकन, अन्तर्वार्ता र भेटघाटको माध्यमबाट लिइएको जानकारीलाई तल उल्लेख गरिएको तालिकाबाट प्रष्ट पार्न सकिन्छः

**तालिका नं. ३**

**बैवाहिक अवस्थाका आधारमा थारु परिवारको सदस्य संख्याः**

| क.स. | लिङ्ग | बिवाहित | प्रतिशत | अबिवाहित | प्रतिशत | बिदुर/बिधुवा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | महिला | ५५ | ५० | ९२ | ४६ | ११ | ५७.८९ |
| २ | पुरुष | ५५ | ५० | १०८ | ५४ | ८ | ४२.११ |
| | **जम्मा** | **११०** | **१००** | **२००** | **१००** | **१९** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार तुलनात्मक रुपमा महिलाहरुको तुलनामा अबिवाहित पुरुषहरुको संख्या बढी देखिन्छ । अध्ययन क्षेत्रमा यस शोधपत्र अध्ययनका लागि छनौटमा परेकाहरु मध्ये बिवाहित महिला र पुरुषहरुको संख्या बराबर नै देखिन्छ यद्यपि अबिवाहित महिला र पुरुषहरुको संख्या फरक छ । तुलनात्मक रुपमा कुल २०० जना अबिवाहित महिला र पुरुषहरु मध्ये अबिवाहित महिलाहरुको संख्या केवल ९२ जना मात्रै छ भने

अबिवाहित पुरुषहरुको संख्या १०८ रहेको छ । तसर्थ यस तथ्यांकले पनि थारु समुदायमा चेलीबेटीहरुलाई कम उमेरमै बिवाह गर्ने परम्परागत प्रचलनलाई पुष्टि गरेको छ ।

## ४.५ परिवारको किसिम

परिवार एक सर्वव्यापी सामाजिक संस्था हो । परिवारमा संख्याका आधारमा सदस्यहरु रहेका हुन्छन् । आमाबुवा र उनीहरुका अबिवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ भने तीन वा तीनभन्दा बढी पुस्ता एउटै परिवारमा बस्दछन् वा एउटै भान्सामा खाना खान्छन् भने त्यस्तो किसिमको परिवारलाई संयुक्त परिवार भन्ने गरिन्छ । आजको आधुनिक युगमा संयुक्त भन्दा एकल परिवारमा बृद्धि भएको छ ।

यस शोधपत्रको अध्ययनका क्रममा थारु समुदायमा तुलनात्मक रुपमा संयुक्त परिवार भन्दा एकल परिवारको संख्या बढी रहेको पाइएको छ । पछिल्लो आधुनिक शिक्षा, सञ्चार तथा जनचेतनाको कारण थारु समुदायका पुस्ताहरुमा पनि एकल परिवारप्रतिको आकर्षण तीब्र रुपमा बढ्दै गएको मान्न सकिन्छ । यस तथ्यलाई बिवरणात्मक रुपमा थारु समुदायको परिवारको किसिमलाई निम्नानुसार तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

**तालिका नं. ४**

**परिवारको बनोटको आधारमा उत्तरदाताको बिवरण:**

| क्र. स. | परिवाको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | **३५** | ६०.३४ |
| २ | संयुक्त | **२३** | **३९.६६** |
| | **जम्मा** | **५८** | १०० |

**स्रोत** : स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा बसोबास गर्ने कुल ५८ घरधुरी संख्या मध्ये ३५ घरपरिवार अर्थात ६०.३४ प्रतिशत एकल परिवारमा वसोवास गरिरहेका छन् भने बाँकी रहेका २३ घरपरिवार अर्थात् ३९.६६ प्रतिशत अझै पनि संयुक्त परिवारमा नै बसोवास

गरिरहेको देखिएको छ । यसरी आधुनिकतासंगै अध्ययन क्षेत्रका थारु समुदायको आकर्षण संयुक्त परिवारबाट एकल परिवारतर्फबढिरहेको पाइएको छ ।

## ४.६ परिवारको नेतृत्वको आधारमा

नेपाली समाज मुलतः पृतिसत्तात्मक समाज हो । हाम्रो परिवार, समाज र सिंगो राष्ट्रको समग्र क्षेत्रमा प्रायः पुरुषहरुको उच्च हैसियत र पहुँच रहँदै आएको छ । यसरी समग्रतामा पुरुषहरुको एकपक्षीय एकाधिकारका कारण हरेक क्षेत्रमा महिलाहरुले आफ्नो अवसर, प्रगति र पहुँचका लागि निकै नै व्यक्तिगत, पारिवारिक तथा सामाजिक चुनौतीहरुको सामना गर्नुपर्ने बाध्यता छ । परिवार तथा समाजमा महिलाहरुलाई सामान्य बिषयहरुमा समेत निर्णयकारी भूमिका नदिनु र हरेक क्षेत्रमा पुरुषहरुकै हालीमुहाली हुनुलेनारी जातीको बिवशता र बाध्यतालाई प्रतिबिम्बित पार्दछ ।महिलाहरुको नेतृत्वदायी भूमिकालाई हाम्रो परिवार र समाजले आफ्ना रुढीग्रस्त सोच, परम्परा तथा संस्कारका कारण नकार्दै आएको भए तापनि पछिल्लो समयमा तीब्र रुपमा बढ्दै गएको महिला अधिकारमुखी शिक्षा, सञ्चार तथा जनचेतना र राज्यको नीतिगत व्यवस्थाका कारण समेत महिलाहरुको नेतृत्वदायी अवसर र पहुँचमा पनि सहजता आएको छ ।

पितृसत्तात्मक पारिवारिक ढाचाँको हाम्रो समाजमा प्रायः परिवारको नेतृत्व पुरुषहरुले गरिरहेका हुन्छन् । केही परिवारमा महिलाले नेतृत्व गरेतापनि त्यो परिवार मातृसत्तात्मक परिवार नभई लोग्नेको मृत्यु भएको अवस्थामा अथवा पुरुष घरमा नभई बिदेशिएको अवस्थामा र घरमा भएका छोराहरु साना साना भएको बेलामा मात्र कतिपय घर परिवारमा घरको सम्पुर्ण कामको जिम्मेवारी वा नेतृत्व महिलाले गरिरहेका हुन्छन् । यसरी यस अध्ययन क्षेत्रमा गरिएको अध्ययनबाट के स्पष्ट हुन्छ भने थारु समुदायमा पनि केहि घर परिवार बाहेक अन्य घर परिवारमा पितृसत्तात्मक पारिवारिक ढाँचा नै रहेको पाइएको छ । जसलाई तल उल्लेखित तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

**तालिका नं. ५**

**परिवारको नेतृत्वको आधारमा उत्तरदाताको विवरण**

| क. स. | परिवारको नेतृत्व | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १७ | २९.३१ |
| २ | पुरुष | ४१ | ७०.६९ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका नं.५ बाट के प्रष्ट पार्न सकिन्छ भने अध्ययन क्षेत्रमा रहेका कुल ५८ घरपरिवार मध्ये ४१ परिवार अर्थात २९.३१ प्रतिशत परिवारमा पुरुषले आफ्नो घरपरिवारको नेतृत्व गर्ने गरेको पाइएको छ भने बाँकी रहेका १७ घरपरिवार अर्थात ७०.६९ प्रतिशत परिवारहरुमा मात्र महिलाहरुले आफ्नो परिवारको नेतृत्व गरिरहेको पाइएको छ । यसमा प्रायः घरमा परुष नभएको बेला मात्र महिलाले घरपरिवारको नेतृत्व गरिएको पाइएको छ ।

यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिला सहज रुपमा परिवारको प्रमुख भई नेतृत्व गरिएको पाइदैन् किनकि महिला जहिले पनि पुरुषमा आश्रित हुँदै आएका छन् । कही कतै महिलाहरु नेतृत्वमा भए पनि त्यहाँ पुरुष नभएर, पुरुष हुर्किनसकेको अवस्था अथवा घरमुलीको रुपमा नेतृत्व गर्ने पुरुषको मृत्यू भइसकेको अवस्थामा मात्र हुन्छ । महिला पुरुष सरह पढेलेखेको भएपनि परिवारमा पुरुषकै निर्णय मान्य हुन्छ । जसले गर्दा महिलाहरुका लागि हरेक अवसरका सम्भावनाहरु असम्भव प्रायः बनिदिन्छन् ।

## ४.७ पेशागत अवस्था

नेपाल कृषि प्रधान देशको रुपमा सुप्रसिद्ध छ । नेपालमा प्रायः सबै मानिसहरु कृषि पेशामै संलग्न छन् । अधिकांश मानिसहरु कृषि पेशा तथा व्यवसायमा संलग्न रहे तापनि बर्षौं देखि नै परम्परागत तथा निर्वाहमुखी पेशाका कारण मानिसको ब्यक्तिगत, पारिवारिक, सामाजिक तथा सिंगो राष्ट्रको उन्नती हुन नसकेको यथार्थ आंकलन गर्न सकिन्छ । पछिल्लो

समयमा भने सामान्य किसान देखि उच्च शिक्षा हासिल गरेका युवाहरु समेत आधुनिक कृषि पेशा, व्यवसाय र अन्य तत्काल आम्दानी हुने खालका व्यावसायिक क्रियाकलापहरुमा संलग्न हुनुले नगदे व्यवसायहरुप्रति मानिसहरुको ध्यान र लगाव आकर्षित हुँदै गएको पाइन्छ ।

यहाँका अधिकांश थारु जातिहरु कृषि पेशाका साथै ज्याला मजदुरी पेशामा समेत संग्लग्न रहेको पाइएको छ । यसका अतिरिक्त केही संख्यामा ब्यापार, ज्यामी, नोकरी आदि जस्तै अन्य पेशाहरुमा संलग्न रहेको पाइएको छ । यसरी यहाँका मानिसहरुले अपनाउने पेशागत बिवरणलाई निम्न लिखित तालिकाबाट प्रष्ट पारिएको छ :

**तालिका नं. ६**

**थारु जातिको पेशागत अवस्थाको उत्तरदाताले दिएको विवरण**

| **क्र.स.** | **विवरण** | **महिला** | **प्रतिशत** | **पुरुष** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | कृषि | २९ | ४१.४३ | २५ | २६.३२ |
| २ | ज्याला मजदुरी | ३५ | ५० | ३९ | ४१.०५ |
| ३ | व्यापार | ५ | ७.१४ | १३ | १३.७ |
| ४ | वैदेशिक रोजगार | - | - | १५ | १५.८ |
| ५ | सरकारी जागिर | १ | १.४३ | ३ | ३.१६ |
| | जम्मा | **७०** | **१००** | **९५** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०७२

हाम्रो देश नेपाल कृषि प्रधान देशका नामले बिश्वमा सुप्रसिद्ध छ । थारु समुदायको परापूर्व कालदेखि नै गर्दै आएको मुख्य पेशा पनि कृषि पेशा नै हो । खेतीको काम गरेर जीबिका चलाउँदै आएका यिनीहरु खेती किसानीले मात्र नपुग्ने भएको भन्दै अन्य पेशातिर पनि आर्कर्षित हुँदै गइरहेको पाइन्छ । यिनीहरु प्रायः ज्याला मजदुरी पेशामा बढी संलग्न रहेको पाइएको छ । पुँजीवादको बिकाससंगै बजारको बिस्तारले केही ब्यापार गर्न कमाएर आर्थिक उन्नति गर्न सकिन्छ भन्ने आशयले केही युवाहरु बैदेशिक रोजगारमा लागेका छन् । देशमा कृषि पेशामा संलग्न व्यक्ति बिस्तारै अन्य पेशातिर संलग्न हुन थालेको देखिन्छ ।

## ४.८ जमीन

जमीन मानिसको जीवन जिउने मुख्य आधार हो । कुनै पनि पेशा, ब्यवसाय गर्न जमीन सबैका लागि अपरिहार्य छ । नेपाल भौगौलिक रुपमा एक भुपरिबेष्ठित राष्ट्र हो । यहाँको भुगोल अनुसारको वाताबरणीय प्रभाव यहाँका मानिसहरुका लागि जुन मात्रामा बरदान साबित छ त्यसको ठीक बिपरित बिभिन्न समयमा देखापर्ने प्राकृतिक प्रकोप, बाढी, पहिरो, भुकम्प लगायतका बिबिध समस्याहरुका कारण उत्पन्न सुकुम्बासी समस्या पनि बिकराल समस्या बन्ने गरेको छ । अर्को हाम्रो समाजमा गरीबीका कारण सम्पूर्ण जमीनको स्वामित्व जमिनदारलाई सुम्पिनुपर्ने बाध्यता र तत्पश्चात उक्त जमिनदारको दास भएर बाँच्नुपर्ने बिवशता यदाकदा केही समुदायहरुमा अझै पनि अस्तित्वमा देखिन्छ यद्यपि यस शोधपत्रका लागि छनौट गरिएको अध्ययन क्षेत्रका थारु समुदायहरुमा त्यस्तो समस्या देखिएको छैन् ।

मानिसहरु बसोबास गर्नका साथै मानिसका लागि आवश्यक चीज, बस्तु उत्पादनका लागि जमीन महत्वपूर्ण साधन हो । अझ कृषि प्रधान राष्ट्रका लागि त यसको अत्याधिक महत्व हुने गरेको हुन्छ । थारु समुदायको परिवारको स्वामित्वमा रहेको भूमिको अवस्थालाई निम्न लिखित तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ७**

**थारु घरपरिवारको स्वामित्वमा रहेको भूमीको बिवरण:**

| क्र.स. | भू-स्वामित्व | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भुमिहिन | - | |
| २ | १-५ कठ्ठा सम्म | ४५ | ७७.५९ |
| ३ | ६-१० कठ्ठा सम्म | ९ | १५.५२ |
| ४ | १०-१५ कठ्ठा सम्म | ४ | ६.९० |
| | **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका नं. ७ का अनुसार कुल ५८ घरपरिवारमा भूमि नै नभएको संख्या शुन्य रहेको उत्तरदाताले बताउनु भएको छ । उत्तरदाताका अनुसार कट्ठा १ देखि कट्ठा ५ सम्म भूमि हुनेको संख्या ४५ अर्थात ७७.५९ प्रतिशत रहेको छ भने ६-१० कट्ठा हुनेको संख्या ९ अर्थात १५.५२ प्रतिशत रहेको छ । त्यसैगरी १० कट्ठा देखि १५ कट्ठा भूमि हुनेको संख्या ४ अर्थात ६.९० प्रतिशत रहेको पाइएको छ । यसबाट के प्रष्ट हुन्छ भने १० देखि १५ कट्ठा भूमिमा सबैभन्दा कम अर्थात् ४ वटा घरपरिवारले बसोबास गरिरहेका र शिक्षा, स्वास्थ्यका साथै अन्यको खर्च जुटाउनको लागि ज्याला मजदुरी, बैदेशिक रोजगार, व्यापार आदिबाट खर्च जुटाइरहेको पाइएको छ । त्यसैगरी १-५ कट्ठा जमीन भएका सबैभन्दा धेरै ४५ घरपरिवार भएपनि त्यतिले मात्र खान लाउन, घरखर्च चलाउन, शिक्षा, स्वास्थ्यका साथै अन्य जीबिकोपार्जनको लागि उनीहरु अर्काको जग्गा जमिन अधिया लगाउने, ज्याला मजदुरी गर्ने, ब्यापार, व्यवसाय गर्ने जस्ता कामहरु गर्ने गरिएको पाइयो ।

### ४.९ अरुको जमीन अधिया वा ठेक्कामा कमाउने, नकमाउने घरपरिवार बिवरण:

समाजमा हुँदा खाने र हुने खाने गरी दुई किसिमका मानिसहरुको बसोबास हुन्छ । समाजको यस्तो बिभेदकारी अवस्थामा गरीब बर्गले हुने खाने बर्गलाई सर्बस्व सुम्पिनुपर्ने र आफू परनिर्भर भई बाँच्नुपर्ने अवस्था रहन्छ । नेपालको सन्दर्भमा हलिया, कमैया, हरुवा, चरुवा तथा अन्य किसिमका कमलरी प्रथाहरु पनि हाम्रो समाजमा अझै पनि अस्तित्वमा रहेका शोषण, दमन र अन्यायका अबशेषहरु हुन् । यस्तो प्रकारको असमानताले गर्दा धनी बर्ग दिन प्रतिदिन धनी बन्दै जाने र गरीब बर्ग दिनानुदिन गरीब तथा परनिर्भर बन्दै जाने अवस्था रहन्छ ।

समाजमा बिभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको हुन्छ । सबै जातजातिहरुमा समान रुपले स्रोत र साधनको बिभाजन भएको हुदैन् । वि.स.२०२१ सालको भूमि सुधार ऐन र औलो उन्मुलन भए पछाडी तराईमा पहाडियाहरुको प्रवेश हुन थाल्यो । बाहुन, क्षेत्री अथवा पहाडियाहरुसंग पैँसा प्रशस्त मात्रामा थियो भने थारुहरुले आफुसंग भएको जमिन बेच्दै सिध्याउदै गए । अन्तमा थारुहरुले आफुले बेचेको जग्गा जमीनमा फेरी अधिया ब्यवसाय गरेर जीबिका चलाउन थाले । बिगत देखिको यो समस्या बर्तमामान समयमा यसको अवस्था सम्बन्धमाउत्तरदाताहरुले दिएको जवाफलाई निम्नलिखित तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ८**

**अरुको जमिन अधिया वा ठेक्कामा कमाउने नकमाउने घरपरिवारको संख्या**

| क्र.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अरुको जग्गा अधिया लगाएर कमाउने | २३ | ३९.६७ |
| २ | अरुको जग्गा अधिया नलगाउने | ३५ | ६०.३४ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका नं.८ का अनुसार अध्ययन क्षेत्रमा अरुको जमीन अधिया वा ठेक्कामा लगाएर कमाउने घरपरिवारको सख्यां २३ अर्थात ३९.६७ प्रतिशत रहेको पाइएको छ भने बाँकी रहेको ३५ अर्थात ६०.३४ प्रतिशत घरपरिवार अरुको जग्गा जमीन अधिया वा ठेक्कामा लगाएर गुजारा चलाउनु भन्दा व्यापार व्यवसाय गर्ने, ज्याला/मजदुरी काम गरेर जीबिका चलाउने गर्दछन् ।अझै बर्तमान युवा पिँढीहरुको आकर्षण त वैदेशिक रोजगार तथा सरकारी जागिरतिर बढ्दै गइरहेको पाइएको छ ।पछिल्लो समयमा ब्यापक रुपमा बढ्दै गएको जनचेतना, शिक्षा र अधिकार सम्बन्धी जागरणले थारु समुदायमा आत्मनिर्भरताका लागि स्वयंम् ब्यवसायिक क्षेत्रमा काम गरी जीबिका चलाउनेतर्फ पनि आकर्षण बढेको देखिन्छ ।

# अध्याय-पाँच

## ५.१ थारुमहिलाहरुको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा

शिक्षालाई मानिसको तेस्रो आँखाको उपमा दिने गरिन्छ । शिक्षित मानिस र समुदायले समाजका परम्परागत कुरुती र बिसंगतिहरु तथा प्रगतिका बाधक तत्वहरुलाई पन्छाएर अघि बढ्ने आँट गर्दछ तर अशिक्षित प्रायः ले यस्तो आँट गर्न मुश्किल हुन्छ ।आजको एक्काइशौँ शताब्दीमा सामाजिक-सांस्कृतिक, आर्थिक तथा राजनीतिक रुपमा मानिसको पहुँच र सम्पन्नताका लागि शिक्षा महत्वपूर्ण देखिन्छ । जसरी हामीलाई हाम्रो शरिर वृद्धि विकासको लागि खानाको आवश्यकता हुन्छ, त्यसैगरी चेतना विकासको लागि शिक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ । आज बिश्वका कतिपय मुलुकहरुमा शैक्षिक गुणस्तरीयता र शैक्षिक चेतनामा भएको अभिबृद्धिका कारण छिटो बिकास सम्भब भयो र ती मुलुकहरु सम्बृद्ध देशको सुचीमा पर्न सफल छन् । घरपरिवार, छरछिमेक, गाउँ, शहर तथा सिंगो समाज र राष्ट्रको सर्बाङ्गीण बिकासका लागि शिक्षा एउटा दरिलो माध्यम हो ।

नेपालमा अरु जातिको महिलाको तुलनामा थारु महिलाको साक्षरता प्रतिशत अझै निकै कम देखिन्छ । यसमा पनि देशको आधा भन्दा बढी महिला जनसङ्ख्या भएको परिस्थितिमा महिला नै शैक्षिक रुपमा पछि परेको देखिन्छ । जसको फलस्वरुप थारु परिवार तथा समुदायमा त्यहि पुरानै रुढिवादी परम्परा केहि मात्रामा कायमै रहेको पाइएको छ । कतिपय पारिवारिक र सामाजिक-सांस्कृतिक बन्धन र बिश्वासका कारण उनीहरु अन्य समुदाय जस्तै शैक्षिक रुपमा प्रगति गर्न सकिरहेका छैनन् ।परिवार र समाजले नै महिला शिक्षालाई प्राथमिकताको बिषय नठान्ने प्रबृत्ति र महिलाहरुलाई चुलो-चौको तथा घरायसी क्रियाकलापहरुमा सिमित राख्नुपर्दछ भन्ने सोचाईका कारण महिलाहरुले अपेक्षित शैक्षिक प्रगति गर्न नसकेका हुन् ।

बर्तमान समयमा सरकारी तथा गैर-सरकारी क्षेत्रबाट भइरहेका शैक्षिक जागरणका क्रियाकलाप तथा अभियानका कारण थारु समुदायमा पनि आफ्ना बालबच्चाहरुलाई विद्‌लय पठाउने क्रम बढिरहेको पाइन्छ । यस क्षेत्रको अध्ययनका लागि विद्यालय नजिकै भएको कारण सबैजसो बालबच्चाहरु विद्‌लय जाने गरेको देखिन्छ । विद्यालय शिक्षाबाट बञ्चित थारु महिलाहरुले पौढ शिक्षाबाट साधारण लेखपढ गरेको पाइएको छ । यस क्षेत्रका

थारु जातिका महिलाहरुले पहिले सामान्य लेखपढ गरे तापनि सानै उमेरमा बिवाह गर्ने र आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले उच्च शिक्षासम्म अध्ययन गर्नेको संख्या अत्यन्तै न्युन रहेको देखिन्छ । तर हिजो आज उच्च शिक्षासम्म अध्ययन गर्नेको संख्या क्रमशः बढ्दै गएको देखिन्छ । अध्ययन क्षेत्रका थारु जातिका महिलाहरुको शैक्षिक स्थिति के कस्तो छ भन्ने कुरालााई तल उल्लेखित तालिकाबाट प्रस्ट पारिएको छ र जुन यस प्रकार रहेको छ :

**तालिका नं. ९**

**उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थाको विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १७ | २९.३१ |
| २ | अनौपचारिक | १६ | २७.५९ |
| ३ | औपचारिक | २५ | ४३.१० |
| | **जम्मा** | **५८** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका नं. ९ बाट के कुरा प्रस्ट हुन आउछ भने अनुसन्धान गरिएको क्षेत्रमा कति पनि लेख्न पढ्न नजान्नेको निरक्षर महिलाको संख्या १७ अथवा २९.३१ प्रतिशत रहेको पाइएको छ जसमा ५०/५५ वर्षभन्दा माथिका रहेका छन् । उनीहरुको आर्थिक अवस्था अत्यन्तै कमजोर हुनुका साथै खान-लाउन कठिन परिरहेको अवस्थामा शिक्षा क्षेत्रमा लगानी लगाउन नसक्नु, बुवाआमाले छोरीहरुलाई पढाउनु हुदैन्, घरमा बुवाआमालाई सहयोग गर्नुपर्छ भन्नेसोचका कारण शिक्षाबाट पूर्ण रुपमा बञ्चित हुनुपरेको कुरा थारु महिलाहरु बताउँछन् ।

त्यस्तै कतिपय उत्तरदाताहरुले कम्लरी बस्नुपर्ने कारण पनि विद्यालय जानबाट बञ्चित भएको कुरा स्थलगत अध्ययनका क्रममा पाइएको छ । त्यसैगरी सामान्य लेखपढ गर्न जान्ने, अनौपचारिक शिक्षा हासिल गरेका महिलाको संख्या १६ जना अर्थात् २७.५९ प्रतिशत रहेको छ । जसमा ती महिलाहरुले प्रौढ शिक्षा, बालबिहानी जस्ता अनौपचारिक शैक्षिक कार्यक्रम मार्फत आफुले सामान्य लेखपढ गर्न जानेको कुरा बताएका छन् भने औपचारिक साक्षरता महिलाको संख्या २५ जना अर्थात् ४३.१० प्रतिशत रहेको पाइएको छ ।

जसलाई तालिका नं. ११ मा प्रष्ट पारिएको छ । अनौपचारिक साक्षरता महिलाको सख्या भन्दा आजभोलि औपचारिक शिक्षाले नै महिलाको संख्या बढी रहेको अध्ययनका क्रममा पाइएको छ ।

अचेल नयाँ पिँढीका छात्राहरु सबैले औपचारिक शिक्षा लिइरहेका छन् जसका कारण शिक्षण संस्था गाउँमै हुनु, सरकारी जागिरका लागि औपचारिक शिक्षा आवश्यक हुनु, घर नजिक शिक्षण संस्था भएकाले घरको काम खेतको काम गर्न सकिने, विद्यालयमा विदा भएका दिनमा मजदुरी गरेर आफुलाई चाहिने आवश्यक खर्च जुटाउन सकिने ,विद्यालय तहसम्म औपचारिकशिक्षामा तहअनुसारको मूल्याङ्नका साथै सोहि अनुसारको प्रमणपत्र पाइनु आदि कारणले गर्दा औपचारिक शिक्षामा बढी संलग्न रहेको अध्ययन क्षेत्रमा पाइएको छ । त्यही भएर आजभोलिको नयाँ पिँढी अनौपचारिक शिक्षा भन्दा औपचारिक शिक्षामा बढी सहभागि भएको पाइन्छ ।

## ५.२ थारु महिलाहरुको वर्तमान शैक्षिक अवस्था

समय र परिस्थिति अनुकुल मानिसलाई परिबर्तित तुल्याउन शिक्षाको महत्वपुर्ण भूमिका हुने गर्दछ ।बर्तमान समयमा हरेक ब्यक्तिका लागि शिक्षा एउटा अपरिहार्य बिषय नै बन्न पुगको छ । शिक्षाबाट बञ्चित ब्यक्तिले बद्लिँदो समाजमा अनुकुल हुन निकै मुश्किल देखिन्छ । पछिल्लो समयमा राज्यको नीतिगत ब्यवस्था र बिभिन्न गैर सरकारी संस्थाहरुको शैक्षिक गतिबिधि तथा सञ्चारको ब्यापकतासंगै हरेक समुदाय र समाजमा जनचेतना र शिक्षाको लहर नै फैलिएको छ । शिक्षा मानिसको तेस्रो आँखा हो र ज्ञान प्राप्त नगरी जीवनमा अघि बढ्न कठिन छ भन्ने सोच थारु समुदायमा बिकसित भएको पाइएको छ ।

अध्ययन क्षेत्रका ५८ घरपरिवार बाट छनोटमा आएका सम्पूर्ण उत्तरदाता महिलाहरु नै भएकाले उनीहरुको बर्तमान शैक्षिक अवस्था के-कस्तो छ ? पहिलेको तुलनामा थारु समुदायले आफ्ना बालबच्चाहरुलाई शैक्षिक क्षेत्रमा सहभागी गराएका छन् कि छैन् भन्ने प्रश्नमा उत्तरदाताले दिएको बिवरणलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १०**

**छनौटमा आएका महिलाहरुको बर्तमान शैक्षिक अवस्थाको विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ४१ | ७०.७ |
| २ | निरक्षर | १७ | २९.३ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. १० बाट के कुरा प्रष्ट हुन आउछ भने शैक्षिक चेतनाको बिकासले गर्दा यहाँका थारु समुदायमाआफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउने क्रम बढेको पाइन्छ । बृद्ध पुस्ता निरक्षर भए पनि पछिल्लो पुस्ता भने उच्च शिक्षा हासिल गर्न अगाडि बढेको देखिन्छ । थारु महिलाहरुको साक्षर जनसंख्या ४१ अर्थात् ७०.७ प्रतिशत रहेको छ हुनुका पछाडि शैक्षिक स्तरमा जनचेतनाको वृद्धि हुनु नै हो ।

उत्तरदाताका अनुसार अभिभावकले छोरीलाई शिक्षा दिएमा आफु आत्मनिरर्भर भई कसैको भर नपर्ने, कुनै पनि व्यापार-व्यवसाय सञ्चालन गर्नका लागि आफैँ हिसाब-किताब गर्न सक्ने भए कसै माथि निर्भर नपरी आफै सक्षम हुन्छिन् भन्ने सोचाईको बिकास भएकोले थारु समुदायमा छोरीहरुलाई पनि शिक्षामा सहभागिता गराउन थालेको हुन् । यस क्षेत्रमा हाल नजिकै विद्यालय भएकाले पनि टाढा पठाउनुनपर्ने भनेर कतिपय अभिभावकहरुले छोरीलाई विद्यालय पठाउने गरेको पाइएको छ । सरकारी विद्यलयमा छोरीलाई निःशुल्क शिक्षा दिने व्यवस्थाले गर्दा पनि छोरीहरु विद्यालय जाने मात्रामा संख्यात्मक बृद्धि हुन पुगेको उत्तरदाताहरुको भनाइ रहेको छ ।

कतिपय अभिभावकहरुले निजी/सामुदायिक विद्यालयमा पनि छोरीलाई पढाउने गरेकाले छात्रा विद्यार्थीहरुको संख्या शैक्षिक क्षेत्रमा बढ्दो रुपमा रहेको पाइएको छ । उत्तरदाताहरु४७जना अर्थात् २३.३प्रतिशतनिरक्षर भएता पनि बिभिन्न संघ-संस्थाहरुले ल्याएका शिक्षामुलक कार्यक्रमहरु, सरकारी स्तरबाट सञ्चालित सबै अक्षर चिन्नजानुन् जस्ता बिभिन्न शैक्षिक कार्यक्रमहरु, जस्तै प्रौढ शिक्षा, नयाँ गोरेटो,बालविहानी इत्यादि ।

यी र यस्तै शैक्षिक कार्यक्रमहरुका कारण आजभोलि धेरैजसो महिलाहरु आफ्नो नाम, ठेगाना लेख्न सक्षम भएका छन् । यसरी महिला-मैत्री कार्यक्रमहरुको फलस्वरुप बिगतको भन्दा बर्तमानसमयमा महिलाहरुको शैक्षिक अवस्थामा सुधारहुदैं आएको देखिन्छ । आजभोलिका केही जागरुक महिलाहरु मिलेर महिला उत्थानको लागि महिला समुह गठन गर्ने, चेतना बिकासका लागि विभिन्न कार्यक्रमहरुमा सक्रिय रुपमा सहभागी हुने तथा स्वरोजगारका लागि बिभिन्न प्रकारका सिपमुलक तालिमहरु लिँदै आएको अध्ययनका क्रमका पाइएको छ ।

## ५.३ थारु महिलाहरुको शैक्षिक उपलब्धी

आजको समयमा शिक्षा प्रत्येक ब्यक्ति, परिवार र समाजका लागि अनिवार्य आवश्यकता भए तापनि उक्त आवश्यकता पूर्ति गर्नका लागि उक्त ब्यक्ति, परिवार र समाजको सोच र दृष्टिकोण अनुसार भर पर्नुपर्ने हुन्छ । कतिपय समाजको महिलालाई हेर्ने परम्परागत सोचाई, प्रथा, परम्परा र रुढीवादी चिन्तनका कारण महिलाहरु शैक्षिक रुपमा अघि बढ्न नसकेको देखिन्छ । महिलालाई गृहस्थी कार्यमा मात्रै सिमित, छोराछोरी जन्माउने साधन, बालबच्चाको स्याहार गर्ने र पुरुषभन्दा कम हैसियतको रुपमा तुलना गर्ने प्रबृत्तिका कारण आम महिलाहरुको प्रगति र समुन्नतिमा आघात पुगेको देखिन्छ ।

यस शोधपत्रका लागि छनौट गरिएको अध्ययन क्षेत्रमा थारु समुदायका महिलाहरुमा पनि यदाकदा केही समस्याहरु त निश्चित रुपमा छँदैछन् । उक्त समुदायमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमै भिन्नता छ । छोरीहरुको कम उमेरमै बिवाह गरिदिने, छोरालाई उच्च शिक्षासम्म पढाउने तर छोरीलाई सामान्य पढाउने इत्यादि ब्यवहारहरुले थारु समुदायमा पनि अरु समाजको जस्तै समस्या रहेको ठम्याउन सकिन्छ ।फलतः थारु समुदायका महिलाहरुले अपेक्षित शैक्षिक उपलब्धी हासिल गर्न सकेका छैनन् । यसै सन्दर्भमाअध्ययन क्षेत्रका महिलाहरुको अध्ययनमा संलग्न उनीहरुको शैक्षिक उपलब्धी कस्तो छ भनी गरिएको स्थलगत सर्बेक्षण र उत्तरदाताको प्रत्यक्ष कुराकानीबाट लिइएको तथ्यांकलाई निम्नलिखित तालिकाबाट स्पष्ट पारिएको छ :

**तालिका नं. ११**

**अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक उपलब्धी**

| क्र.स. | बिवरण | कक्षा | | | | | | प्रमाणपत्र | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| १ | अध्ययन पुरा नगरी छाड्ने | ४ | ३ | १ | २ | ५ | ३ | १ | - | **१९** |
| २ | अध्ययनरत | ९ | ७ | ५ | १० | ८ | १२ | ५ | ३ | **५४** |
| ३ | प्रौढ शिक्षा | - | - | - | - | - | - | - | - | **२५** |
| ४ | निरक्षर | - | - | - | - | - | - | - | - | **१७** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

उपयुक्त तालिका नं. ११ मा उल्लेखित विवरण अनुसार अध्ययन क्षेत्रमा रहेका जम्मा १५७ जना महिला मध्ये ४२ जना स– साना बालिका रहेका छन् भने ११५ जना मध्ये अध्ययन पुरा नगरी छोड्ने १९ जना महिला रहेका छन् । कक्षा ५ मा ४ जना, कक्षा ६ मा ३ जना, कक्षा ७ मा १ जना, कक्षा ८ मा २ जना, कक्षा ९ मा ५ जना, कक्षा १० मा ३ जना र प्रमाणपत्र तहमा १ जना महिला रहेका छन् । कमजोर आर्थिक अवस्था, सानै उमेरमा विवाह हुनु, विद्यालय टाढा हुनु इत्यादि कारणले बिचैमा पढाई छोड्न बाध्य भएको उत्तरदाताले बताएका छन् ।

त्यसैगरी पढ्नलेख्न जान्ने, आफ्नो नाम मात्र लेख्न जान्ने महिलाको संख्या २५ रहेको छ । विद्यालय नै नगएर आफ्नो जीवन बिताएका महिलाको संख्या १७ जना रहेको छ । आफुले नपढेकोले धेरै नै दुःख पाएको महसुस गरी आफ्ना छोरीहरुलाई विद्यालय शिक्षा देखि स्नातक तह सम्म पढ्न पठाउनेको संख्या ५६ रहेको छ । बुढापाकाको तुलनामा अहिलेका युवापुस्ताहरुमा शैक्षिक जागणमा पनि निकै वृद्धि भएको र सामाजिक कार्यतर्फ पनि अग्रसर भएको पाइन्छ । यसरी छोरीहरुलाई पनि छोरा सरह नै शिक्षा दिनुपर्छ भन्ने मान्यताको बिकास हुँदै गइरहेको अध्ययन क्षेत्रका महिलाहरुले बताएका छन् ।

## ५.४ महिला शिक्षाप्रति थारु समुदायको धारणा

थारु समुदायमा महिला शिक्षा सम्बन्धी धारणाका बारेमा बुझ्दा झण्डै ९९ प्रतिशत उत्तरदाताबाट छोराछोरी दुबै एकै बराबर सन्तान हुन्, दुबैलाई समान शिक्षादिक्षा दिनु पर्दछ भन्ने प्रतिउत्तर प्राप्त भएको छ । एक प्रतिशत महिलाले मात्र छोरीलाई पढाएर के नै हुन्छ ? छोरी भनेको त अर्काको घर जाने जात हुन्, छोरालाई पढाएमा आफ्नो बुढेसकालको सहारा हुन्छ भन्ने कुरा व्यक्त गर्नु भएको छ । अध्ययन क्षेत्रका केही थारु महिलाहरुले हामी अर्काको घर गएर काम गर्न बस्नुपर्ने बाध्यताका कारण शिक्षा हासिल गर्न नसकेको र अबका सन्ततीहरुलाई हामीले भोगेको जस्तो दुःख भोग्न नपरोस्भन्दै आफ्ना छोरीहरुलाई अध्ययन गर्न विद्यालय पठाउने गरेको सर्वेक्षण क्रममा पाइएको छ ।

अनुसन्धानको क्रममा महिला शिक्षाप्रतिको थारु समुदायको धारणा बुझ्दा महिलालाई शिक्षा दिनु किन आवश्यक छ ? भन्ने प्रश्नको उत्तरमा आत्मनिर्भर बन्न, परिवार शिक्षित पार्न, अरुबाट नठगिन, जागिर खान, आत्मबिश्वास बढाउन, हिसाब राख्न सक्ने भई कुनै पनि व्यवसाय गरी सक्षम बन्न र बच्चाको उज्वल भविष्यको लागि जस्ता जवाफथारु महिलाहरुबाट प्राप्त भएको छ । जस्तैः २५ बर्षीय सीता चौधरी (नाम परिवर्तन)का अनुसार महिलाहरुले आफु सक्षम बन्न र परिवार शिक्षित बनाउनको लागि पढ्नु आवश्यक छ । एउटी महिला आफु शिक्षित भयो भने उसले पुरै परिवारलाई मात्र नभई परिवार र सिंगो समाजलाई नै बिभिन्न शिक्षा सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सक्छिन् । यसरी महिला शिक्षित भएमा आफै पनि आत्मविश्वासका साथ कुनैपनि व्यवसाय सञ्चालन गर्नुका साथै समुदायमा विभिन्न आमा समुह निर्माण गरी बचत गर्ने बानीको विकास गराउन सक्छिन् । यिनै विविध कारणहरुले गर्दा महिला शिक्षित हुनु आवश्यक भएको कुरा उत्तरदाताहरुको प्रतिउत्तरबाट प्रष्ट हुन्छ ।

## ५.५ थारु महिलाहरुको बैवाहिक अवस्था र शैक्षिक कार्यमा सहभागिता

अनुसन्धान क्षेत्रमा अध्ययन गर्ने क्रममा कतिपय थारु महिलाहरुले उमेर नै नपुगेर बिवाह भएका कारण पढाई बिचैमा छाड्नु परेको कुरा बताउनु भएको छ । कतिपय उत्तरदाताहरुले घरको आर्थिक अवस्था कमजोर भएका कारण र शिक्षा सम्बन्धी चेतनाको

कमीले आफ्ना अभिभावकले विद्यालय नपठाएको कुरा व्यक्त गर्नुभएको छ । यिनै उत्तरदाताबाट लिएको तथ्याङ्कलाई तल उल्लेखित तालिकाबाट प्रष्ट पारिएको छ :

**तालिका नं. १२**

**वैवाहिक अवस्था र शैक्षिक कार्यमा सहभागिता**

| क.स. | बिवरण | बिवाहित | अबिवाहित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अध्ययनमा संलग्न हुने | २ | १० | १२ | २०.६९ |
| २ | अध्ययनमा संलग्न नहुने | | ३२ | ३२ | ५५.१७ |
| | बिचैमा छोड्ने | १४ | | १४ | २४.१४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

उपयुक्त तालिका नं. १२ बाट के स्पष्ट हुन आउँछ भने अनुसन्धान क्षेत्रमा रहेका ५८ वटा घरपरिवारका ५८ जना नै महिला उत्तरदाताहरुबाट लिइएको सर्बेक्षणमा बिवाहित महिला अध्ययनमा संलग्न जम्मा २ जना मात्र रहनुभएको छ । उनीहरुको उच्च शिक्षा हासिल गर्दागर्दै बिवाह भएको कारणले पढाइलाई निरन्तरता दिइएको पाइएको छ । सानै उमेरमा बिवाह र कमजोर आर्थिक अवस्थाका कारण पढाइमा संलग्न नभएर विवाह बन्धनमा बाधिएकी महिलाको संख्या १० जना रहेको छ । बिवाह पछि बुहारीले पढ्नु हुदैन् घरको काम गर्नु पर्दछ भन्ने मान्यताका कारण पढाइलाई बिचैमा छोड्ने महिलाको संख्या १४ जना रहेको अनुसन्धानका क्रममा पाइएको छ ।

महिलाले बिवाह गरिसकेपछि घरमै सिमित हुनुपर्छ भन्ने पुरुष प्रधान समाज भएकोले बिवाह पछि महिलाले आफ्नो अध्ययनलाई निरन्तरता दिन नसकेको उत्तरदाताले बताउनु भएको छ । त्यसैगरी अबिवाहित छोरीहरु आफ्नो पढाइलाई निरन्तरता दिइराख्नु भएको छ जसको संख्या रहेको छ । ३२ जना उत्तरदाताहरुले अबको आधुनिक युगमा छोरीले पनि छोरा सरह शिक्षा पाउनु जरुरी भएको कुरामा आफु दृढभएको बताएका छन् ।

## ५.६ शिक्षामा समान अवसर दिने नदिने आधारमा थारु महिलाको विवरण

पुरुष प्रधान समाजमा स्वभाबिक रुपमा छोरा र छोरी अर्थात् पुरुष र महिलाबीच बिभेद हुन्छ । प्रायः हरेक नेपाली समाज र समुदाय पुरुष प्रधान सोच र चिन्तन अनुसार नै निर्देशित हुँदै आएको छ । यस्तो अवस्थामा महिला र पुरुषले बराबरी रुपमा शैक्षिक अवसर पाउँदछन् नै भन्न सकिदैन् ।थारु समुदाय पनि पुरुष प्रधान सोचाईबाट प्रभावित र सञ्चालित समुदाय भएकाले उक्त समुदायमा पनि छोरी भन्दा छोरालाई बढी प्राथमिकता दिइएको पाइन्छ । जसका कारण छोरी पढ्नै नपाई कम उमेरमै बिवाह गर्न बिवश हुने र शैक्षिक प्रगति हासिल गर्न नसक्ने अवस्था देखिन्छ ।

यसै सन्दर्भमा यस शोधपत्र अध्ययनका लागि छनौट गरिएको अध्ययन क्षेत्रका थारु समुदायमा गरिएको अनुसन्धानका क्रममा शिक्षामा समान अवसर दिने वा नदिने बिषयमा उक्त क्षेत्रका थारु उत्तरदाताहरुबाट भिन्न भिन्न खालको जवाफ प्राप्त भएको छ ।कुनै पनि घरपरिवार, छिमेक, समुदाय र समाजमा रहेका हरेक मानिसहरुलाई समान किसिमको अवसर र सुविधा हुनुपर्दछ तथा छोराछोरीलाई समान शिक्षादिक्षा, खानपिन, स्वास्थ्य आदि क्षेत्रबाट बञ्चित नगराइ समान ब्यवहार गर्नुपर्दछ भन्ने र यस बिषयमा धेरथोर आनाकानी एंब खुलेर समर्थन गर्न नसक्ने उत्तरदाताहरुको बिवरण निम्न अनुसार छः

**तालिका नं. १३**

**शिक्षामा समान अवसर दिने नदिने महिलाको विवरण**

| क्र.स. | विवरण | अवसर/ सुविधा | प्रतिशत |
|---|---|---|---|
| १ | बराबर | २५ | ४३.१० |
| २ | छोरीलाई बढी | १५ | २५.८६ |
| ३ | छोरालाई बढी | १८ | ३१.०४ |
| | **जम्मा** | **५८** | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका नं. १३ मा उल्लेख भए अनुसार सर्वेक्षण क्षेत्रमा छोराछोरीलाई समान शिक्षा दिनुपर्दछ भन्ने महिला उत्तरदाताको संख्या सबैभन्दा उच्च अर्थात् २५ जना अर्थात ४३.१० प्रतिशत रहेको छ, छोरालाई प्राथमिकता दिनेमा १८ अर्थात २५.८६ प्रतिशत

र छोरीलाई प्राथमिकता दिने संख्या १५ अर्थात ३१.०४ प्रतिशत रहेको छ । यस संख्यात्मक तथ्यांकलाई बिश्लेषण गर्दा छोराछोरी दुइटै समान छन् र उनीहरुलाई समान शिक्षा दिनुपर्दछ, कसैले पनि यी दुईबीच भेदभाव गर्नु हुँदैन् भन्ने मान्यता सबैभन्दा उच्च स्थानमा रहेको पाइन्छ । त्यस्तै कुल ५८ जना उत्तरदाताहरुमध्ये छोरालाई नै बढी प्राथमिकतामा राख्ने केवल १८ जना मात्रै हुनुले पनि थारु समुदायमा पनि छोराछोरी सबै बराबरी भन्ने चेतना बढ्दै गएको कुरा पुष्टि हुन्छ ।

## ५.७ बिवाहित महिलाको शिक्षाप्रति थारु महिलाको धारण

बिवाहएउटा सामाजिक प्रक्रिया हो । परिवार र समाज सञ्चालन गर्नका लागि बिवाह महत्वपूर्ण पक्ष मानिन्छ । महिलाहरुको बैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तित समाजमा एकअर्कासँग जोडिएको भएतापनि हाम्रो समाजमा बिवाह पछाडि महिलाहरुलाई पढाउनुपर्छ भन्ने धारणाको अझैं पनि बिकास हुन सकेको पाइदैन् ।

त्यस्तै थारु समुदायमा पनि बिवाहित महिलाहरुलाई शिक्षा दिने बिषय गौण देखिन्छ । बिवाह पश्चात महिलाले बच्चा जन्माउने, हुर्काउने र अन्य सम्पूर्ण घरायसी जिम्मेवारीहरु सम्हाल्नुपर्ने इत्यादि कारणले बिवाहित महिलाहरुले शैक्षिक अवसरबाट बञ्चित हुनु परेको देखिन्छ । यद्यपि बिवाहित भइसकेपछि उनीहरुको शिक्षाप्रतिको रुचि र चाहनाको सम्बन्धमा गरिएको अध्ययनबाट अर्थात् बिवाहपछि महिलाले पढाईलाई निरन्तरता दिनुपर्छ वा पर्दैन् भन्ने प्रश्नमा धेरैजसो महिलाहरुले पढाईलाई निरन्तरता दिनुपर्छ भन्ने मत व्यक्त गर्नु भएको छ । यसलाई निम्नलिखित तालिकाद्धारा प्रष्ट पार्न खोजिएको छः

**तालिका नं.१४**

**विवाह पछि महिलाहरुले पढाइलाई निरन्तरता दिनुपर्छ वा पर्दैन भन्ने आधारमा थारुमहिलाहरुको विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पढाइलाई निरन्तरता दिनुपर्छ | ४५ | ७७.५९ |
| २. | पढाइलाई निरन्तरता दिनुपर्दैन् | १३ | २२.४१ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाबाट के प्रष्ट हुन आउँछ भने बिवाहपछि महिलाहरुले पढाइलाई निरन्तरता दिनुपर्दछ भन्ने मत नै सबैभन्दा उच्च  ४५ अर्थात् ७७.५९ प्रतिशत रहेको छ भने पढाउनु हुँदैन् भन्ने मत सबैभन्दा कम १३ अर्थात् २२.४१ प्रतिशत जना मात्र रहेको छ। यसले थारु समुदायमा बिवाह पश्चात पनि महिलालाई पढाईमा बाधा गर्नु हुँदैन् भन्ने चेतनाको बिकास भएको मान्न सकिन्छ।  हाम्रो जस्तो पुरुष प्रधान देशमा महिलाहरुलाई कुनैपनि कामको निर्णय दिने अधिकार अझै सम्म पनि दिएको पाइदैन्।

परम्परागत सोचाइमा जकडिएको हाम्रो समाज आजको समयमा पनि महिलाहरुलाई निम्न स्तरमा हेर्ने गरेको पाइन्छ। बिवाह गरिसकेपछि महिला भनेका घरको चुलोचौकोमा सिमितपारी बच्चा जन्माउने, हुर्काउने काममा सिमित राख्नुपर्दछ, जागिर खाने र पढ्ने होइन् भन्ने जस्ता मान्यता कहीँकतै रहिआएको पाइएको छ। अचेलको बदलिदो परिवेशसँगै जनचेतनाको विकास एंब शिक्षाको ब्यापक बिस्तारका कारण थारु समुदायमा पनि महिला शिक्षाप्रतिको दृढता बढ्दै गएको पाइन्छ।

सामाजिक, आर्थिक पक्ष सबल हुँदै जाँदा अब बुहारीलाई पनि पढाइमा बाधा गराउनु हुदैन् भन्ने सोचमा परिवर्तन हुँदै आएको छ। एउटा महिला शिक्षित भइन् भने उनले आफ्नो घरपरिवार, समाज लगायत पुरै राष्ट्रलाई नै सकारात्मक बाटोतिर डोऱ्याउन सक्छिन्। यसरी आजभोलिको नयाँ पिढीहरु सकारात्मक सोचतिर लागेको सर्बेक्षणका क्रममा पाइएको छ। शिक्षालाई प्रभाव पार्ने सामाजिक, सास्कृतिक, आर्थिक र राजनितिक पक्षहरु पनि रहिआएका छन्। अनुसन्धान क्षेत्रका महिलाहरुमा बिवाह पछाडि पढाइलाई निरन्तर दिन नसक्नु महिला शिक्षाको बारेमा जनचेतनाको कमी हुनुका साथै गरिबी मुख्य रुपमा रहिआए तापनि आजको नयाँ पिढी भने एकात्मक परिवारतिर गइरहेकोले छोरीलाई शैक्षिक क्षेत्रतिर लगाइरहेको अध्ययन क्षेत्रमा पाइएको छ।

## ५.८ उमेर अनुसार थारु महिलाहरुमा शिक्षाप्रतिको सामाजिक धारणा

अनुसन्धान क्षेत्रका महिलाहरुमा शिक्षाप्रतिको बुझाइ फरक-फरक रहेको पाइएको छ। उक्त अध्ययन क्षेत्रमा छोराछोरीबीच शैक्षिक क्षेत्रमा भेदभाव गर्ने गरेको पाइएको छ। जस्तैः छोरालाई नीजि विद्यालय पढ्न पठाइएको छ भने छोरीहरुलाई सरकारी विद्यालयमापठाइएको सर्वेक्षणका क्रममा पाइएको छ। तर शिक्षित परिवारले छोराछोरी

दुवैलाई एउटै विद्यालय पढ्न पठाएको पनि पाइन्छ । शिक्षित व्यक्तिले बिवाहित महिलाहरुलाई शिक्षा दिनु आवश्यक भएको बताउनु भएको छ भने अशिक्षित व्यक्तिहरुले शिक्षाको ज्ञान नभएकोले हामी नपढेर भए पनि बाचिरहेका छौं भोकै बसेका छैनौं, किन बिवाह भइसकेका महिलालाई विद्यालय पठाउने भन्ने जस्ता रुढीवादी परम्परा कतिपय महिलाहरुमा अझैपनि रहेको पाइन्छ ।

कहीँ कतै पठाए पनि छरछिमेकीले कुरा काट्छन् कि भन्ने सोचले गर्दा सामाजिक महिलाहरुलाई प्राय: बाहिरी वाताबरणबारे अबगत हुन कठिन हुने गरेको पाइएको छ । केही प्रौढ शिक्षा हासिल गरेकामहिलाहरुले भने आफूले नपढेर पाएको दु:ख अब भाबी सन्ततीलाई भोग्न नदिन अध्ययनका लागि विद्यालय पठाउने गरेको बताएका छन् । आफ्नो आर्थिक स्थितिले भ्याए सम्म उनीहरुलाई उच्च शिक्षा सम्मको शिक्षा हासिल गराउने सर्वेक्षणका क्रममा उत्तरदाताले बताएका छन् ।

अध्ययन क्षेत्रमा रहेका शिक्षित र अशिक्षित व्यक्तिहरुले उमेर अनुसार शिक्षाप्रतिको सामाजिक धारणा फरक-फरक दिनुभएको छ । निरक्षर र बृद्ध महिलाहरुले छोरी, बुहारीलाई शिक्षा आर्जन गर्न नहुने बताउनु भएको छ । उनीहरुका अनुसार छोरी, बुहारीलाई विद्यालय पठाए समाजमा कुरा काट्न थाल्छन्, अवहेलनाको पात्र भइन्छ, छोरी विवाह गरेर अर्काको घर जाने जात हो भने विवाह गरेर ल्याइसकेकी बुहारीको काम घरमा काम गर्ने र बच्चा जन्माउने, हुर्काउने हो, विद्यालय गएर पढ्ने र पढाउने होइन् भन्ने जस्ता रुढीग्रस्त सोचहरुभए तापनि बिश्व परिवेशमा महिला र पुरुषको घरपविार, समाजमा समान जिम्मेवारी र अधिकारको चर्चाले सकरात्मक सोचाइका लागि दवाब परिराखेको महसुस गर्न सकिन्छ ।बर्तमान परिवेशमा अध्ययन क्षेत्रका उत्तरदाताले छोराछोरी, बुहारी सबैलाई नै शिक्षित बनाउनु हाम्रो कर्तब्य हो भन्ने सकारात्मक सामाजिक धारणाको बिकास भइरहेको सर्वेक्षणका क्रममा पाइएको छ ।

### ५.९ अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरु

कुनैपनि व्यक्तिको शैक्षिक अवस्थालाईउक्त व्यक्तिको परिवार, छर-छिमेक र समाजको वाताबरणले पनि निर्धारण गरेको हुन्छ । समाजका व्यक्तिहरु परम्परागत मूल्य, मान्यतामा बिश्वास गर्ने खालका छन् भने उनीहरुले आफ्नो घर, परिवार र समाजमा त्यही

अनुसारको शिक्षाको बिकास गर्ने गर्दछन् । कतिपय समाज र समुदायमा ब्यक्तिगत, पारिवारिक गरीबीका कारण पनि शैक्षिक अवसरबाट बञ्चित हुनुपर्ने अवस्था रहे तापनि बर्तमान समयमा सरकारबाट निश्चित तहसम्म निःशुल्क शैक्षिक अवसरका लागि नीतिगत व्यवस्था छ ।

यद्यपि परिवार र समाजको नारीप्रतिको संकीर्ण सोच र ब्यवहारका कारण महिलाहरुको शैक्षिक प्रगतिमा कारक तत्वको रुपमा प्रभाव जमाइरहेको देखिन्छ । हाम्रो समाजमा अझै पनि महिलाहरुले पुरुषमा निर्भर रहनुपर्ने बाध्यता छ जसका कारण हरेक निर्णय र अवसरहरु पुरुषको चाहना र आकांक्षामा निर्भर हुने गर्दछन् । थारु समुदाय पनि यस्तो खालको पारिवारिक तथा सामाजिक प्रबृत्ति र सोचबाट अछुत नरहेको कारण थारु समुदायका महिलाहरुको शैक्षिक अवस्थामा निकै नै नकारात्मक प्रभाव परेको देखिन्छ । यस बाहेक यस समुदायका महिलाहरुको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरु निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका नं.१५**

**शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरु**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत समाज | ११ | १८.९६ |
| २ | आर्थिक पछौटेपन | १३ | २२.४२ |
| ३ | धेरै सन्तान हुनु | ८ | १३.७९ |
| ४ | जनचेतनाको कमि | ११ | १८.९६ |
| ५ | वेरोजगारी | १५ | २५.८६ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७२

उपर्युक्त तालिका नं. १५ बाट के प्रष्ट हुन आउछ भने अनुसन्धान क्षेत्रमा रहेका ५८ जना महिलासंगको कुराकानीका आधारमा सबैभन्दा बढीले बेरोजगारी, १५ अर्थात २५.८६ प्रतिशत उत्तरदाताहरुले आफुले अध्ययन गर्न नसकेको कुरा बताउनु भएको छ । हाम्रो जस्तो बिकासोन्मुख देशमा त्यसमा पनि आदिबासी जनजाती रहेको ठाउँका थारु समुदाय

अन्य जातिभन्दा पिछडिएको अवस्थामा रहेका छन् । उनीहरुको समुदायमा जति धेरै सन्तान उति धेरै कमाएर ल्याउछन् भन्ने रुढिवादि परम्पराले गर्दा सन्तान धेरै जन्माउने प्रबृत्तिले महिलाहरु झनै समस्यामा पर्ने गरेको देखिन्छ ।

## ५.१० अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्थालाई प्रभाव पार्ने समस्याहरु

- **लैङ्गिक समस्या** : हाम्रो समाज प्राचीनकालदेखि नै पृतिसत्तात्मक सोच र चिन्तनबाट सञ्चालित छ, जसको कारण तुलनात्मक रुपमा महिलाहरु पुरुषको भन्दा पछि परेको देखिन्छ । बहुसंख्यक परिवारदेखि राज्यका महत्वपूर्ण निकायसम्म लैङ्गिक बिभेद रहेको देखिन्छ । लैङ्गिक समस्याको समाधानको लागि कानुनी प्राबधान छ तर व्यवहारमा लागु हुन सकेको छैन् ।
- **भाषिक समस्या** : हाम्रो देश नेपालको सन्र्दभमा राज्यले एउटै मात्र भाषालाई बढि प्राथमिकता दिदै आएको देखिन्छ । जसले गर्दा अन्य भाषाहरु ओझेलमा परेको यिनै भाषिक समस्याले गर्दा थारु समुदायका महिलाहरुलाई शैक्षिक क्षेत्रमा अध्ययन गर्न समस्या उत्पन्न भएको देखिन्छ ।
- **अशिक्षा** : नेपालमाअझै पनि कतिपय समुदायहरु अशिक्षित भईलेखपढ गर्न नजान्ने, आफ्नो माग र आवश्यकताबारे धारणा अभिब्यक्त गर्न नसक्ने हुँदा त्यस्ता समुदायका मानिसहरुले नयाँ सीप र प्रबिधिको ग्रहण गर्न नसक्ने भई यसबाट राष्ट्रिय बिकासको अभियानमा अबरोध पुग्न गएको देखिन्छ ।
- **कमलरी प्रथा** : पश्चिम नेपालको दाङ, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्ने थारु समुदायका गरिब परिवारका ६ वर्ष पुरा भएका छोरीहरुलाई धनी परिवारका ब्यक्तिहरुले आफ्नो घरमा कामदारको रुपमा राख्ने प्रथालाई कमलरी प्रथा भनिन्छ । कमलरी बालिकाहरु शिक्षाबाट बञ्चित हुने, बालश्रमको शोषणमा पर्ने, यौन दुर्व्यवहार र अन्य शारीरिक तथा मानसिक हिंसामा पर्दै आएका छन् । उनीहरुले काम गरे बाफत न्यून पारिश्रमिक समेत कतिपय अभिभावकले बुझेर लगीदुरुपयोग गर्ने गरेको पनि पाइयो भने कतिपय अभिभावकले घर व्यवहार चलाउन प्रयोग गर्ने गरेको पाइयो । यस्तो अमानबीय प्रथा अन्त्य गर्ने प्रयासको फलस्वरुप हालका दिनमा यो प्रथा बन्द भएको छ । लामो समय मालिकको

शोषणमा परी शिक्षाबाट बञ्चित हुनु परेकाले हाल उनीहरुको अवस्था सुधार गर्ने बिविध कार्यक्रम सञ्चालन गरेको भए तापनि प्रभावकारी हुन भने सकेको छैन् ।

- **वालविवाह** : मुलुकको कानुनले बिवाह गर्न योग्य उमेरको निर्धारण गरेको हुन्छ । यसरी मुलुकले निर्धारण गरेको उमेरभन्दा कम उमेरका बालबालिकाको बिवाह अथवा बालबालिकासँग गरिने बिवाहलाई बालबिवाह भनिन्छ । उमेर नै नपुगी बिवाह भएकोले पढाईमा बाधा आएको उत्तरदाताले बताउनुभएको छ ।

## ५.११ बैयक्तिक अध्ययन

कुनै पनि ब्यक्तिको जीवनमा घटेका नितान्त ब्यक्तिगत घटना, सफल तथा असफल परिणाम र प्रगतिबारेको अध्ययनलाई बैयक्तिक अध्ययन भनिन्छ । मानिसको जीवनमा घट्ने सबै खालका घटनाहरु, क्रियाकलापहरु र परिणामहरु ब्यक्तिगत र नीजि घटना अन्तर्गत पर्दछन् । तिनै घटना र क्रियाकलापहरुको ब्यक्तिगत तहमा गरिने अध्ययनलाई नै ब्यक्तिगत अध्ययनको रुपमा लिने गरिन्छ । बैयक्तिक अध्ययनमा ब्यक्तिले भोगेका राम्रा अथवा नराम्रा पक्षबारे बिस्तृत अध्ययन गरिन्छ । यसै अनुसार अनुसन्धान क्षेत्रमा रहेका ४ जना प्रत्येक महिलाहरुको बारेमा निम्न अनुसार ब्याख्या गरिएको छ ।

- **कुशिम चौधरी** : अध्ययन क्षेत्रकी कुशिम चौधरी (नाम परिवर्तन) अहिले ३९ बर्षकी भइन् । आफ्नो परिवारको आर्थिक अवस्था निकै कमजोर भएको, भाइबहिनीहरुको संख्या पनि धेरै भएको संयुक्त परिवारमा हुर्किएका कारण आफुले विद्यालय गएर पढ्ने वातावरण नपाएको बताउँछिन् । उनको बुवा आमाको घरमा अरुको जग्गा अधिँया लिएर खेती गर्ने साथै मजदुरी गरेर घर ब्यवहार चलाउने गर्ने गरेको उनले बताइन् । सानै उमेरमा आमाबुवाले बिवाह गरिदिनु भयो, पढ्ने मौका नै पाइएन् तर बिवाह भइसकेपछि मैले श्रीमानको घरमा आएर पौढ शिक्षा पढ्ने मौका पाएँ, आजभोलि लाग्छ पढ्नु नै सबैभन्दा ठुलो सम्पत्ति रहेछ, उनी भन्छिन् । प्रौढ शिक्षाबाट नै अलिकति लेख्न र पढ्न जान्ने भएपछि आफ्नो सानो ब्यवसाय (कस्मेटिक पसल) खोलेर बसेकी छुँ, उनले भनिन् । घरमा सबैले श्रीमान, सासु, ससुरा, नन्द छोराछोरीले सहयोग गरिरहेका छन्, अब आफ्ना सन्तानहरुलाई शिक्षा क्षेत्रबाट बञ्चित नगराउने र उच्च शिक्षा सम्मको अध्ययन गराउने सोचमा रहेकी कुशिम शिक्षा सम्बन्धी जनचेतना दिने काम .पनि गरिरहेकी छिन्

- **आइति चौधरी** :अध्ययन क्षेत्रकी अर्की महिला हुन् आइति चौधरी (नाम परिवर्तन) । उनको उमेर अहिले ४५ बर्ष भएको छ । १५ वर्षको उमेरमा नै बुवा आमाले छोरीलाई पढाउनु हुदैन्, अर्काको घर जाने जात भन्दै बिवाह गरिदिनु भयो । विवाह भएको धेरै वर्ष पछि पहिलो सन्तानको रुपमा छोरीको जन्म भयो । हाम्रो जस्तो रुढीवादी परम्परामा रुमल्लिएको समाज भएर होला छोराको आशमा दोस्रो सन्तान पनि छोरी नै भएपछि घरपरिवारमा सबैको हेलाको पात्र बन्न पुगैं । त्यसको केहि बर्षपछि श्रीमानले दोस्रो बिवाह गर्नुभयो । मलाई छोरो नपाएकी भन्दै श्रीमानले कुटपीट गर्न थाल्नुभयो, अनि घरमा सबैले मानसिक यातना दिन थाले । अहिले म र दुईवटी छोरी सहित माइती घरमा बसिरहेका छौ, शैक्षिक योग्यता र हातमा सीप नभएकै कारण आर्थिक रुपमा आत्मनिर्भर हुन मुस्किल भएको छ । छोरी मात्र भएपछि महिलालाई समाजले अवला सोच्दो रहेछ । उनी भन्छिन्, महिलालाई दोस्रो बिवाहबारे पनि समाजले नस्वीकार्ने उनको अनुभव छ । श्रीमानको दोस्रो बिवाह र छोरा नजन्मेपछि उनको बैवाहिक जीवनका साथै पारिवारिक माया, सामाजिक प्रतिष्ठा र आत्मसम्मान पनि गुमाउनुपऱ्यो । पारिवारिक हेलाको पात्र बन्न पुगेकी उनले धेरै पटक सोचिन्, आफुले पनि दोस्रो बिवाह गर्नु पर्दछ । भन्छिन, अशिक्षा र चेतनाको कमीले गर्दा मलाई महिला अधिकारबारे थाहा भएन, दोस्रो बिवाहबारे कसैलाई भन्न पनि सकिन र निर्णय पनि गर्न सकिन । अब यी दुईवटी छोरीलाई आफु दुःख कष्ट गरेर भए पनि यिनीहरुलाई पढाएर आत्मनिर्भर बनाउछुँ । उनीहरुलाई नै शिक्षादिक्षा दिन्छु उनले भनिन् ।
- **सीता चौधरी** :अर्की महिला हुन् सीता चौधरी ( नाम परिर्वतन ) । उनी अहिले ३१ बर्षकी भइन् उनका बुवाआमाको आर्थिक अवस्था पनि मध्यम खालको रहेको छ, एकल परिवारमा हुर्किएकी सीताको अध्ययन कक्षा ८ सम्म रहेको छ । कक्षा ८ को जिल्ला स्तरीय परिक्षा तीन/चार पटकसम्म दिइन् तर असफल भएपछि बुवाआमाले गाली गर्न थाले । आफुसँगैका साथीहरु उच्च शिक्षा हासिल गरिसक्दा पनि आफु त्यही कक्षामा पढ्दा आफुलाई पनि विद्यालय जान लाज लागेको उनी बताउँछिन् । फेल हुनुको मुख्य कारण विद्यालयबाट घर आएर पढ्ने वाताबरण नहुनु नै हो । उनका अनुसार बिवाह गरेपछि एक छोरा र एक छोरी छ, उनीहरु विद्यालयबाट घर आएपछि आफुले घरमा पढाउने गरेकी छिन् । साथैगाँउघरमा शिक्षा सम्बन्धी आफुले जाने बुझेका कुरा सबैलाई भन्ने पनि गर्दछिन् । आफुले कक्षा ८ सम्मको अध्ययन गरेकोले बोर्डमा लेखेका कुरा

अरुलाई के लेखेको रहेछ भनी सोधिराख्नु नपरेको र आफ्ना छोराछोरीलाई आफै पढाउन सक्षम भएकोमा गर्ब महसुस हुने गरेको उनी बताउँछिन् ।

- **फुलमाया चौधरी** : फुलमाया चौधरी (नाम परिवर्तन) ५५ वर्षकी छिन् । आफुले अहिलेसम्म पनि पढ्न नजानेको कुरा बताउँछिन् । स्कुल जाने उमेरमा बुवाआमाले धनी व्यक्ति (मालिक) को घरमा कामदारको रुपमा पठाएको उनले बताइन् । ६/७वर्षको उमेरमा मालिकको घरमा काम गर्न पठाउने गरेको र त्यहाँ काम गरे बाफत न्युन पारिश्रमिक दिने गरेको उनले बताइन् । त्यहीँ पैँसाले घरब्यवहार चलाउने गरेकी थिएँ । पढ्ने उमेरमा अर्काको घरमा काम गर्न गएँ, उनि भन्छिन् आजभोलि कुनै कार्यक्रममा वा अन्त कतै गयो भने नाम लेख्न आउँछ भनी सोध्दा आफैलाई लाज लागेर आउँछ र घरमै नातिनातिनीले पनि जिस्काउन थाल्छन्, उनले बताइन् । शिक्षाको महत्व कति धेरै रहेछ भन्ने कुरा अहिले आएर महसुस गरेको उनले बताइन् । पहिले गाँउघरमा प्रौढ शिक्षा जस्ता कार्यक्रमहरु आउँदा पनि म बुढीले पढेर के नै गर्नुछ र भन्दै छोरी, बुहारीलाई पढ्न पठाइयो तर पढ्नु त आफुले पर्ने रहेछ, उनले भनिन् । त्यहीकृषि काम गरेर दिन बिताएँ, आजभोलि पनि त्यही परम्परागत तरिकाले नै कृषि काम गरिरहेकि छुँ, पढेको भए त आधुनिक कृषि प्रणाली अपनाउने थिएँ, उनले भनिन् ।

यसरी थारु समुदायका महिलाहरुको ब्यक्तिगत अध्ययनबाट पनि उनीहरुको शैक्षिक अवस्थालाई थारु समुदायको महिलाहरुप्रतिको सोच र प्रबृत्तिले कुन हदसम्म प्रभाव पारेको रहेछ भन्ने कुरा स्पष्ट हुन जान्छ । समग्रमा थारु महिलाहरु शिक्षित हुननसक्नुको पछाडि थारु परिवार र समुदायमा रहेको पुरुष प्रधानता रउक्त एकाधिपत्यका कारण सृजित एकपक्षीय पुरुष प्रधान सोच, प्रबृत्ति र ब्यवहार हो । छोरालाई बढी र छोरीलाई कम महत्वको दृष्टिकोणले हेर्ने परम्पराका कारण थारु परिवार र समुदायमा महिलाहरुले शिक्षाको पहुँचबाट बञ्चित हुनु परेको देखिन्छ यद्दपि पछिल्लो समयमा थारु समुदायका पुरुषहरुमा पनि छोराछोरी सबै बराबरी हुन्, दुइटैलाई समान रुपमा शिक्षा प्रदान गर्नुपर्दछ भन्ने भावनाको बिकास हुँदै गएको पाइन्छ । बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुद्धारा सञ्चालित जनचेतनामुलक कार्यक्रमहरुका कारण थारु समुदायमा महिला शिक्षाप्रतिको धारण रप्रबृत्तिमा उदारता आएको पाइएको छ ।

# अध्याय-छ

## सारांश र निष्कर्ष

### ६.१ सारांश

नेपालमा बि.स.२०३६ सालदेखि उच्च शिक्षा लागु, बि.स.२०४३ सालमा महेन्द्र संस्कृत बिश्वबिद्यालयको स्थापना, बि.स.२०४५ सालमा सिटीइभिटीको स्थापना र बि.स.२०४६ सालदेखि उच्च शिक्षा परिषदको स्थापनासंगै उच्च शिक्षामा सर्बसाधारण जनताको पनि पहुँच स्थापित हुँदै गइरहेको छ । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गराउनुका साथै मुलुकको निर्मित अपरिहार्य, उत्पादनशिल, अनुसाशित देशभक्त चरित्रवान् र दक्ष नागरीक उत्पादनमा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । शिक्षा सामाजिक परिवर्तनको वाहकका साथै समाजमा मान्यताहरुको संरक्षण सुधारको वाहक पनि हो । समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका माथिका दृष्टिकोणहरु मध्ये लैंगिक दृष्टिकोणका अनुसार महिला र पुरुष समान रुपले धर्तिमा जन्म लिएका छन् । यसले समाजमा महिला तथा पुरुषलाई समान व्यवहार गरीनु पर्दछ भन्ने मान्यतालाई जोड दिन्छ ।

नेपालमा जम्मा १२५ जातजातिहरु रहेका छन् । जहाँ ५९ प्रकारका आदिवासि जनजातिहरु सुचिकृत रहेका छन् । जसमध्ये विशेष गरि तराई क्षेत्रमा बसोबास गर्ने नेपालकाे प्रमुख आदिवासि जाति मध्ये थारु जाति पनि एक हो । नेपालका मुलवासि थारु जातिहरु नेपालको पूर्वमेचि देखि पश्चिम महाकाली सम्मका तराई तथा भित्रि मधेशका समथल फाँटहरुका प्राचिन कालदेखि बस्दै आएका छन् । मूल रुपमा कैलालि, कञ्चनपुर, बाँके, बर्दिया, दाङ्देउखुरी, कपिलवस्तु, रुपन्देहि, चितवन र नवलपरासि लगाएका जिल्लाहरुमा थारुहरुको बसोबास रहेको छ । थारु जातिको प्रमुख विशेषता सोझोपन र इमान्दारिता हो । वि.स. २०६८ सालको जनगणना अनुसार थारु जातिको जनसंख्या १७,३७,४७० रहेको छ । कैलालिमा थारुहरुको जम्मा जनसंख्या ३१८८३७ रहेको छ जसमा पुरुषको संख्या १५८४०० र महिलाको संख्या १६०४३७ छन् । यसैयरी टीकापुर नगरपालिकामा जम्मा घरधुरी संख्या ११६३० रहेकोमा त्यहाँको जनसंख्या ५६१२७ मध्ये पुरुषको जनसंख्या २६८९३ र महिलाको संख्या २९२३४ को हाराहारीमा रहेका उनीहरुको

जनसंख्या रहेको छ । थारु जातिको आाफ्नो छुट्टै पहिचान, रितिरिवाज, खानपिन, भेषभुषा, रहिरन रहेको छ, राष्ट्रको राष्ट्रियता हो ।

यो अध्ययन कैलालि जिल्लाको टीकापुर नगरपालिका वडा नं. ९ राजिपुरमा बसोबास गर्ने थारु महिलाको शैक्षिक अवस्थामा आधारित रहेको छ । यो अध्ययनको मुख्य उद्येश्य थारु महिलाहरुको वर्तमान शैक्षिक अवस्थाको जानकारी लिनु र थारु महिलाहरुको शैक्षिक उपलब्धि र शिक्षा हासिल गर्दा के-के तत्वले प्रभाव पारेको छ ।

अध्याय दुईमा साहित्यक पुनरावलोकन सम्बन्धमा केन्द्रित रहेको छ । पूर्व साहित्य अन्तर्गत थारु समुदायको सन्दर्भमा विगतमा विभिन्न लेखहरुद्धरा प्रकाशित पुस्तक तथा पत्र पत्रिकाहरुमा आधारित अध्ययनलाई सन्दर्भ सामाग्रिको रुपमा उल्लेख गरिएको छ ।

अध्याय तिनमा यस शोधपत्र अध्ययनका क्रममा प्रयोग गरेको अनुसन्धान पद्धतिको व्याख्या र विश्लेषणमा आधारित रहेको छ । यि माथिका उद्येश्यमा केन्द्रित रहेर गरिएको यस अध्ययन टीकापुर नगरपालिका वडा नं. ९ राजीपुरका सबै थारु जातिको बसोबास रहेको र जम्मा घरधुरी संख्या ५८ वटा घरपरिवार रहेका छन् । जसमा स्वयम् अनुसन्धानकर्ता गई जनगणना विधिबाट अध्ययन गरिएकोछ । यस अध्ययनले सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति तथा संघसंस्थाहरुलाई सहयोग र नेपाल सरकारको शैक्षिक सुधार,योजना , लक्ष्यको लागि मार्गदर्शन गर्न सक्नेछ । यस अध्ययनको तथ्याङ्कलाई व्याख्यात्मक र विश्लेषणात्मक उल्लेख गरिएको छ ।

त्यसैगरी अध्याय चारमा थारु समुदायको वाहुल्यता रहेको कैलालि जिल्लाको टीकापुर नगरपालिका वडा नं. ९ राजीपुरका थारुहरुको जम्मा घरधुरी संख्या ५८ रहेको छ जसमा जम्मा जनसंख्या ३२८ रहेकोमा पुरुषको जनसंख्या १७१ अर्थात ५२.१ प्रतिशत र महिलाहरुको जनसंख्या १५७ अर्थात ४७.९ प्रतिशत रहेको छ । जस अर्न्तगत उमेरगत आधारमा ०-१० वर्षका महिलाको संख्या ९.५५ प्रतिशत र पुरुषको संख्या ११.७० प्रतिशत त्यस्तैगरी १०-३० वर्षका महिलाको संख्या २१.८५ प्रतिशत र पुरुषको संख्या ३२.१६ प्रतिशत, ३०-५० वर्षका महिलाको संख्या ३८.२२ प्रतिशत र पुरुषको ४३.८६ प्रतिशत, ५०-६५ वर्षका महिलाको संख्या १५.९२ प्रतिशत र पुरुषको संख्या ९.३६ प्रतिशत र ६५ वर्ष माथिका महिलाको संख्या ४.४६ प्रतिशत र पुरुषको संख्या २.९२ प्रतिशत रहेको छ ।

वैवाहिक अवस्थाका आधारमा हेर्ने हो भने विवाह गरेका महिला र पुरुषको जनसंख्या बराबर नै रहेको ५० प्रतिशत छ भने विवाह नगरेका महिलाको संख्या ४६ प्रतिशत र पुरुषको संख्या ५४ प्रतिशत रहेको छ । त्यसैगरी विदुर/विधुवा महिला महिला र पुरुषको संख्या क्रमशः ५७.८९ प्रतिशत र ४२.११ प्रतिशत रहेको छ । परम्परागत रुपमा सयूक्त परिवारमा बस्न रुचाउने यहाँका थारुहरु अहिले एकल परिवारमा बस्न थालेको पाइन्छ । एकल परिवारको संख्या ६०.३४ प्रतिशत रहेको छ भने सयूक्त परिवारको संख्या ३९.६६ प्रतिशत रहेको छ ।

पितृसत्तात्मक पारीवारिक ढाचाँको हाम्रो समाजमा प्रायः परिवारको नेतृत्व पुरुषले गरिरहेका छन् । जसमा परिवारको नेतृत्व गर्ने पुरुषको संख्या ७०.६९ प्रतिशत रहेको छ भने पारिवारको नेतृत्व गर्ने महिलाको संख्या २९.३१ प्रतिशत रहेको छ । केहि परिवारमा मातृसत्तात्मक नभई घरमा नभएको अवस्थामा मात्र रहेको छ ।

नेपालमा प्रायः सबै मानिसहरु कृषि पेशामै संलग्न छन् तर पनि आजभोलि अधिकाशं थारु जातिहरु कृषि पेशाका साथै ज्याला,मजदुरी पेशामा समेत संलग्न रहेका छन् । जसमा कृषि गर्ने महिलाको संख्या ४१.४३ प्रतिशत र पुरुषको संख्या २६.३२ प्रतिशत रहेकोमा ज्याला मजदुरी गर्ने महिलाको संख्या ५० प्रतिशत र पुरुषको संख्या ४१.०५ प्रतिशत रहेको छ । त्यसै गरी व्यापार गर्ने महिलाको संख्या ७.१४ प्रतिशत र पुरुषको संख्या १३.७ प्रतिशत रहेको छ ।

मानिसहरु बसोबास गर्नका साथै मानिसहरुका लागि आवश्यक चिज, वस्तु उत्पादनका लागि जमिन महत्वपूर्ण साधन मानिन्छ । थारु समुदायको परिवारको स्वामित्वमा रहेको भूमिको अवस्था १-५ कठ्ठासम्म जग्गा हुने ७७.५९ प्रतिशत त्यसैगरी ६-१० कठ्ठासम्म जग्गा हुनेको संख्या १५.५२ प्रतिशत र १०-१५ कठ्ठासम्म जग्गा हुनेको संख्या ६.८९ प्रतिशत रहेको छ । समाजमा हुँदा खाने र हुने खाने गरी दुई किसिमका मानिसहरुको बसोबास हुने गरेको छ । अरुको जमिन अधिया वा ठेक्कामा कमाउने, नकमाउने परिवार संख्या क्रमसः ३९.६६ प्रतिशत र ६०.३४ प्रतिशत रहेको पाइएको छ ।

यसैगरी अध्याय पाँचमा अध्ययनबाट प्राप्त सुचना तथा तथ्याङ्कमा आधारित भइ थारु समुदायका महिलाहरुको शैक्षिक र सामाजिक पक्षहरुको वारेको अध्ययनलाई समेटिएको छ । नेपालमा अरु जातिको महिलाको तुलनामा थारु महिलाको साक्षरता प्रतिशत अझै निकै

कम देखिन्छ । थारु महिला उत्तरदाताको शैक्षिक अवस्था क्रमशः निरक्षर, अनौपचारिक र औपचारिक शिक्षा हासिल गर्ने २९.३१ प्रतिशत, २७.५९ प्रतिशतर ४३.१० प्रतिशत रहेका छन् । त्यसैगरी अध्ययन क्षेत्रका थारु महिलाहरुको वर्तमान शैक्षिक अवस्थालाई हेर्दा साक्षर ७०.७ प्रतिशत छन् भने निरक्षर २९.३ प्रतिशत छन् जसमा ४५ वर्ष माथिका मात्र निरक्षर रहेका छन् ।

अध्ययन क्षेत्रका थारु महिलाहरुको शैक्षिक अवस्थालाई हेर्दा आमाबुवाले उमेर नै नपुगि पढ्दा पढ्दै विवाह गरीदिनाले अध्ययन पुरा नगरी छोड्ने १२.१० प्रतिशत रहेका छन् भने अध्ययनरत महिलाको संख्या ३४.३९ प्रतिशत, त्यसैगरी पौढ शिक्षा हासिल गरेका १५.९२ प्रतिशत र विद्यालय नै नगएर विवाह भएका महिलाको संख्या १०.८३ प्रतिशत रहेका छन् । बाकि रहेका २६.७५ प्रतिशत विद्यालय जाने उमेर नभएका छन् त्यसैगरी अनुसन्धानको क्रममा अध्ययनमा संलग्न हुने विवाहित महिलाको संख्या ५८.६२ प्रतिशत रहेको छ भने अध्ययनमा सलंग्न हुने विवाहित महिलाहरुको संख्या १७.२४ प्रतिशत र पढ्दा, पढेदै बिचैमा छोड्ने विवाहित महिलाहरुको संख्या २४.१४ प्रतिशत रहेको अनुसन्धानका क्रममा पाइएको छ ।

यस समुदायको परिवारमा छोरा छोरी दुवैलाई समान शैक्षिक सुविधा, माया ममता, समान व्यवहार, महत्व र एकै किसिमको विद्यालयमा पठाएको परिवार संख्या ४६.१० प्रतिशत रहेको पाइयो । परिवार र समाज सञ्चालन गर्नका लागि विवाह महत्वपूर्ण पक्ष मानिन्छ । महिलाहरुको वैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तित समाजमा एक अर्का सँग जाेडिएको भएता पनि हाम्रो समाजमा विवाह पछाडि महिलाहरुलाई पढाउनु पर्छ भन्ने धारणाको विकास हुन सकेको थिएन तर आजभोलिको वदलिँदो सोचका कारण विवाहित महिलाहरुको पढाइलाई निरन्तरता दिनुपर्छ भन्ने उत्तरदाताको संख्या बढिरहेको छ जसको संख्या ७७.५९ प्रतिशत रहेको पइएको छ । कुनैपनि व्यक्तिको शैक्षिक अवस्थालाई उक्त व्यक्तिको परिवार, छर छिमेक र समाजको वातावरणले पनि निर्धारण गरेको हुन्छ । यसैगरि अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरुमा परम्परागत समाज, आर्थिक पछौटेपन, धेरै सन्तान हुनु, जनचेतनाको कमि हुनु र वेरोजगारी आदी रहेका छन् ।

## ६.२ निष्कर्ष

शिक्षाले व्यक्तिको व्यक्तित्वको विकास गर्नुका सथै समाज तथाा देशको विकासमा पनि प्रमुख भुमिका खेल्दछ भनिन्छ , शिक्षा देश विकासको मेरुदण्ड हो । शिक्षा प्राप्तिमा सबै जातजाति , भाषा , धर्म, लिङ्ग, समुदाय, वर्ग जोसुकैलाई पनि बराबरको हक अधिकार छ तर ति सबै वर्ग समुदाय, लिङ्ग, धर्म र जातिको शिक्षामा पहुँच, सहभागिताा र उपलब्धि बराबर नभए पनि आजभोलिको बर्तमान युगमा शिक्षाको महत्व बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रका महिलाहरुमा पनि शैक्षिक चेतनाको बृद्धि भएको छ । त्यहाँको समग्र शैक्षिक अवस्था पनि सन्तोषजनक रहेको छ तर शिक्षाको तह बढ्दै जादाँ आर्थिक अवस्था कमजोर भएकोले उच्च शिक्षा हासिल गर्नेको संख्या घट्दै गएको अवस्थामा अचेल भने बृद्धि हुँदै गइरहेको छ । त्यहाँका निरक्षर महिलाहरुले प्रौढ शिक्षा हासिल गरेका छन् । शिक्षामा बिवाहित छोरीको तुलनामा अबिवाहितकै शैक्षिक अवस्था राम्रो रहेको छ । थारु समाजमा बुहारीको शिक्षालाई महत्व नदिएकाले जतिसुकै प्रतिभाशाली भए पनि बिवाह पछि पढाई छोड्न बाध्य भएका छन् । त्यस क्षेत्रका सम्पुर्ण अविवाहित छोरीहरुले भने अध्ययन गरि नै रहेको पाइएको छ ।

- थारुजाति सयूक्त परिवार भन्दा एकात्मक परिवारमा बस्न थालेको पाइन्छ, किनभने अध्ययन क्षेत्रमा  एकात्मक परिवार भएका घरधुरी संख्या बढी रहेको पाइएको छ ।
- थारु महिलाहरुमा सन्तान धेरै बनाउनु हुदैन भन्ने चेतनाको विकास भएको पाइन्छ ।
- शैक्षिक क्षेत्रमा पछाडि परेका थारु महिलाहरु आजभोलि केहि मात्रामा भए पनि शैक्षिक चेतनाको विकास भएको कारण आफ्ना छोरीलाई विद्यालय पठाउन थालेको पाइन्छ ।
- कतिपय परिवारमा छोराछोरीलाई भेदभाव गरेको पाइयो जस्तैः छोरीलाई सरकारी विद्यालय भने छोरालाई विद्यालय पठाएको पाइयो ।
- शिक्षाको कमिले त्यस क्षेत्रका महिलाहरु बढी जसो कृषि, ज्याला मजदुरी र पेशामा संलग्न रहेको पाइयो ।
- आजभोलिको बदलिदो परिवेश सँगै अध्ययन क्षेत्रका महिलाहरु घरमै र पुरुषहरु विदेशिने संख्या बढी मात्रामा रहेको पाइयो ।

- महिलाको शिक्षालाई प्रभाव पार्ने तत्वहरु परम्परागत सोचाइ, शिक्षा र चेतनाको कमि, आर्थिक पछौटेपन, बेरोजगारी र धेरै सन्तान हुनु रहेको छ ।
- थारु महिलाहरुमा आएको शैक्षि चेतनाको कारण महिला समुह गठन गर्ने तथा नारी उत्थानका लागि जागरुक हुने तर्फ अगाडी बढेको देखिन्छ ।

बालबिवाह, शिक्षा र चेतनाको कमी, आर्थिक अवस्था कमजोर, धेरै सन्तान हुनु र बेरोजगारी आदि समस्याहरुका कारण थारु समाजमा महिलाहरुको उच्च शिक्षामा कम सहभागिता देखिन्छ, जसको कारण ले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकिरहेका छैनन् भने घरमा खेतिपातीको काममा सघाउनुपर्ने भएकाले पढाइलाई निरन्तरता दिन नसक्दा परिक्षामा बारम्बार असफल हुन पुग्दछन् र अभिभावकहरुद्धारा उनीहरुलाई दुरुत्साहित गरिने भएकोले बीचैमा पढाई छोड्न बाध्य भएको पाइएको छ । उच्च शिक्षा महँगो भएकोले मुलतः आर्थिक अवस्था कमजोर भएकाहरुको पहुँच नपुग्दा महिलाहरु उच्च शिक्षामा कम सहभागी रहेका छन् । बदलिँदो समय र परिस्थितिले गर्दा शिक्षाको महत्व बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रका महिलाहरु र तिनका बालबच्चाहरुमा शैक्षिक चेतनाको बृद्धि भएको पाइन्छ ।

## सन्दर्भ-सामाग्री


आचार्य, गोबिन्द, अशोक थारु, बिरबहादुरखड्का र जितेन्द्रकुमार चौधरी (२०६५), *नेपाली लोकवार्ता तथा संस्कृति,* काठ्माण्डौं : नेपाली लोकवार्ता तथा संस्कृति समाज ।

आचार्य, बाबुराम (२०१०), *थारु जातिको मूल घर कहाँ हो ?* नेपाल सांस्कृतिक परिषद पत्रिका ।

आचार्य, बलराम (२०७०), *नेपालमा समाज र संस्कृति,* काठ्माण्डौ : नेशनल बुक्स सेन्टर ।

अधिकारी, हेमाङ्गराज (२०७१), *प्रयोगात्मक नेपाली शव्दकोष,* काठ्माडौं : विद्यार्थी पुस्तक भण्डार ।

केन्द्रिय तथ्यांक विभाग (२०५४), थापाथलि, काठमाण्डौं, नेपाल ।

केन्द्रिय तथ्यांक बिभाग (२०६८), थापाथली, काठ्माण्डौं, नेपाल ।

केन्द्रिय तथ्यांक बिभाग (२०६९/७०), *थापाथली, काठमाडौं : चैत्र-असार चौमासिक तथ्याङ्क गतिविधि ।*

गिरी, अजब बहादुर (२०७४), *शिक्षाको बर्तमान अवस्था र राष्ट्रिय नीति,* हाँक साप्ताहिक, बर्ष ३४, अंक २७ । श्रोतःhttp://hankweekly.com/index.php?action=news&id=3168

गुनरत्ने, अर्जुन, (२००२), *मेनी टङ्ग्स् अन पिपुल, द मेकिङ् अफ थारु आइडिन्टिटी इन नेपाल,* कर्नल युनिभर्सिटी प्रेस ।

गुरुङ, हर्क (२००२) *जातजाति समस्या र समाधानका उपाय,* काठमाडौं : नेपाली जनजाति महासंघ ।

चौधरी, राधेश्याम (२०७२), *थारु जनजाती माथि सुनियोजित आक्रमण,* काठमाडौं ।

शर्मा, मोदिनी, (२०४४), *थारुजाति : एक अध्ययन ।* पूर्वाञ्चल साहित्यक प्रतिष्ठान ।

थारु, शान्त कुमारी (२०६२), *थारु संस्कृति साहित्यका केही हाँस्यव्यङ्ग्य पक्षहरु,* सृजना विकास केन्द्र ।

द्विवेदी, पशुपती कुमार (२०४१), *पूर्वाञ्चल कोचिला थारु संस्कृति ।*

दहित, गोपाल (२०६२), *थारु संस्कृतिको संक्षिप्त परिचय,* ललितपुर : आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ।

पौडेल, लेखनाथ (२०५१), *समाजशास्त्रका सैद्धान्तिक दृटिकोणहरु,* काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

प्रसाद, मोहनलाल (२०३४), *थारु जाती र शिक्षा,* काठ्माण्डौं : साझा प्रकाशन ।

भूषाल, श्रीधर (२०७० *७१), मुक्त कमैया पुनः स्थापना तथा वृक्ति विकास कार्यक्रम वार्षिक प्रतिवेदन,* काठमाण्डौं : नेपाल सरकार भुमिसुधार तथा व्यवस्था मन्त्रालय ।

वाग्ले, मन प्रसाद र ढकाल, माधव प्रसाद (२०६४), *शिक्षाको प्रारम्भिक परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, डोर बहादुर, (१९७६), *पिपुल अफ नेपाल,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

विष्ट, डोर बहादुर, (२०६४), *सबै जातको फूलबारी,* ललितपुर : साझा प्रकाशन।

सुचना तथा सञ्चार मन्त्रालय (२०३१), *मेचिदेखि महाकालि सम्म,* काठमाडौं : श्री ५ को सरकार सुचना तथा सञ्चार मन्त्रालय, सुचना विभाग भाग (४) ।

माझी, धन बहादुर (२०६८), *माझी जातको चिनारी,* ललितपुर : आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, चण्डिराज (२०५६), *नेपालको संसदमा जनजातीहरुको प्रतिनिधित्व : एक अध्ययन,* काठ्माण्डौं : त्रियुगा अफसेट प्रेस ।

राष्ट्रिय योजना आयोग (२०४८), *राष्ट्रिय शिक्षाको उद्देश्य तथा नीति,* काठमाडौं :राष्ट्रिय योजना आयोग ।

श्रेष्ठ, पदम (ने.स.११३३), काठमाण्डौं : थारु, प्रिन्ट स्काइ ।

श्रेष्ठ, शान्तालक्ष्मी (२०७१), *महिलामा रुपान्तरण,* काठ्माण्डौं : अष्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था ।

Census (2011). *National population and housing*. Kathmandu: Central Bureau of Statistics.

Khanal, Bal Krishna (1998). *Educational condition of tharu in Nepal, A Sociological study of the Tharu of Taranpur VCD, Dang*. Unpublished MA Thesis Submitted to Tribhuvan University.

Rai, Dik Bahadur (2012). *The Impacts of Modernization on the Traditional Sakawa Sili Festival in the Rai Kirat Community of Nepal.* Unpublished MA Thesis Submitted to Tribhuvan University.

Rai, Raju Kumar and Timilsina, Madhabprasad (2070), *Social Change and Development Studies.* Kathmandu: Academic Book Centre.

Rajaure, Dron Prasad (1997). *An Anthropological Study of Tharus, Dang Deukhuri.* Unpublished MA Thesis Submitted to Tribhuvan University.

Maslak, Marry Ann (2003). *Daughter of the Tharu Gender, Ethnicity, Religion and The Education of Nepali Girls*. New York.

Luitel, Samira (2008). *Gender studies*. Kathmandu: Academic Book Center.

Lynn, Bennet (1983). *Dangerous wives and Scared Sister: Social and Symbolic Role of high caste women in Nepal*, Columbia University.

Noble, Trevor ( 2000). *Social Theory and Social Change.* New York: ST.MARTIN'S Press, INC, Scholarly and Reference Division, 175 Fifth Avenue.

# अर्न्तवार्ता प्रश्नावली

१. उत्तरदाताको ब्यक्तिगत तथा पारिवारिक बिवरण :

घरमूलीको नामः                                   उत्तरदाताको नामः

उमेरः                                           लिङ्गः

पेशाः                                           धर्मः

भाषाः                                           शैक्षिक स्तरः

२. तपाईको परिवार कस्तो किसिमको हो ?

क) एकल ☐      ख) संयुक्त ☐      ग) अन्य ☐

३. तपाईको परिवारमा उमेरगत सदस्य कति छन् ?

| उमेर समूह | महिला | पुरुष | बिवाहित | अबिवाहित | विदुर | विधुवा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

४. तपाईको आफ्नो जमिन छ कि छैन ? छ भने कति छ ?

क) विघा ☐ ख) कट्ठा ☐ ग) धुर ☐

५. तपाईको परिवारको मुख्य आम्दानीको श्रोत के हो ?

क) कृषि ☐ ख) व्यापार ☐ ग) सरकारी जागिर ☐ घ) मजदुरी ☐ ङ) अन्य ☐

६. तपाईको परिवारमा वार्षिक उत्पादनले खान पुग्छ ?

क) पुग्छ ☐ ख) पुग्दैन ☐

७. पुग्दैन भने के-के गर्नुहुन्छ ?

.......................................................................................................................

..............

८. आम्दानीको मुख्य खर्च के मा गर्नुहुन्छ ?

क) खाद्यन्न ☐ ख) शिक्षा ☐ ग) मनोरञ्जन/चाडपर्व ☐ घ) लत्ताकपडा ☐ ङ) अन्य ☐

९. तपाईको वडामा विद्यालय छ ?

क) छ ☐ ख) छैन ☐

१०. यदि छ भने कुन किसिमको छ ?

क) सरकारी ☐ ख) निजी ☐

११. यदि छ भने कुन तह सम्मको विद्यालय छ ?

क) प्रा.वि. ☐ ख) नि.मा.वि. ☐ ग) मा.वि. ☐ घ) उच्च मा.वि. ☐ ङ) सो भन्दा माथी ☐

१२. तपाई पढ्नु भएको छ कि छैन ?

i) यदि छ भने कति सम्म पढ्नु भएको छ ?

क) १ देखि ५ कक्षा सम्म ☐

ख) ६ देखि ८ कक्षा सम्म ☐

ग) ९ देखि १० सम्म ☐

घ) +2 भन्दा माथी ☐

ii) यदि छैन भने किन पढ्नु भएन ?

क) स्कूल जान मन नलागेर । ☐

ख) बाबु आमाले स्कूल जानु हुँदैन भनेर । ☐ ☐

ग) भाषा नबुझेर । ☐

घ) अन्य ।

१३. अवसर पाए पढ्नु हुन्थ्यो ?

.........................................................................................................
..............

१४. तपाईले छोराछोरी दुवैलाई पढाउनु भएको छ ?

क) छ भने किन ?

.........................................................................................................
..............

ख) छैन भने किन ?

.........................................................................................................
..............

१५. कस्तो विद्यालयमा पढाउनु भएको छ ?

क) सरकारी ☐ ख) निजी ☐

१६. तपाई छोरा वा छोरीमा कसलाई बढी महत्व दिनुहुन्छ ?

क) छोरालाई भए किन?

.........................................................................................................
..............

ख) छोरीलाई भए किन ?

.........................................................................................................
..............

.........................................................................................................
..............

१७. छोरीको शिक्षा प्रति सामाजिक धारणा कस्तो छ ?.......................................................................................................

...............

१८. महिलाहरुको शिक्षामा न्यून सहभागिता हुनुको कारण के हुन सक्छ ?

.......................................................................................................

..............

१९. शिक्षित र अशिक्षित महिलाहरु बिचमा कस्तो खाले भिन्नता पाउनु हुन्छ ?

.......................................................................................................

..............

२०. हाल विद्यालय जाने छात्राहरुको संख्या बढाउन के-के उपायहरु अपनाउन सकिन्छ ?

.......................................................................................................

..............

२१. तपाईको विचारमा छोरीको शिक्षामा ध्यान दिनु पर्छ जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ भने किन ?

.......................................................................................................

..............

ख) लाग्दैन भने किन ?

.......................................................................................................

..............

२२. तपाईको परिवार वा समुदायमा महिला वा पुरुषमा भेदभाव गरिन्छ कि गरिन्दैन ?

क) गरिन्छ ☐ ख) गरिदैन् ☐

२३. तपाईको वितारमा शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरु के-के हुन सक्छन् ?

क) परम्परागत समाज ☐ ख) आर्थिक पछौटेपन ☐

ग) धेरै सन्तान ☐ घ) जनचेतनाको कमि ☐

ङ) वेरोजगारी ☐

२४. निर्णय प्रक्रियामा कसको सहभागिता बढी छ ?

क) पुरुषको बढी ☐ ख) महिलाको बढी ☐ ग) बराबर ☐

२५ तपाईको विचारमा महिलाको शैक्षिक अवस्थालाई प्रभाव पार्ने समस्याहरु के के हुन सक्छन् ?

क) लैगिंक समस्या [ ] ख) कमलरी प्रथा [ ] ग) भाषिक समस्या [ ] घ) अशिक्षा